म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक ११८ आइतबार, २८ मंसिर २०८२ ने. सं. ११४६ थिंलागा 14 December 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बालजागृतिमा संयुक्त राष्ट्रसंघीय नमूना महासभा

हेटौंडा, २७ मंसिर/हेटौंडा-२ स्थित बालजागृति ईंग्लिस सेकेण्डरी स्कुलले आफ्ना विद्यार्थीको सहभागितामा संयुक्त राष्ट्रसंघीय नमूना महासभाको आयोजना गरेको छ । कक्षा ७, ८, ९ र १० का ९० जना विद्यार्थीको सहभागितामा बालजागृतिले पहिलोपटक नमूना महासभाको आयोजना गरेको हो । विद्यार्थीलाई संयुक्त राष्ट्रसंघीय महासभाको माध्यमबाट अन्तर्राष्ट्रिय संस्थाको अवधारणा र अभ्यास बुझाउने प्रयास गरिएको बालजागृतिका प्रिन्सीपल विनोद सुवेदीले जानकारी दिए । नमूना महासभाको कार्यक्रमलाई हरेक वर्ष आयोजना गरिने प्रिन्सीपल सुवेदीले बताए । विद्यालय सञ्चालक समितिका अध्यक्ष दिनेशप्रसाद भण्डारीको अध्यक्षता तथा संयुक्त राष्ट्रसंघको विश्वखाद्य कार्यक्रमका पूर्वकर्मचारी राजु क्षेत्रीको प्रमुख आतिथ्यमा शनिबार बिहान उद्घाटन कार्यक्रम भएको हो । आइतबारसम्म सञ्चालन हुने कार्यक्रममा मदरल्याण्ड स्कूलका विद्यार्थीको पनि सहभागिता रहेको छ ।

### सयभन्दा कम विद्यार्थी भएका विद्यालयको संख्या २ सय ७४

# मकवानपुरका ६४ विद्यालयमा २० भन्दा कम विद्यार्थी

मनिल महतो

हेटौंडा, २७ मंसिर/ भौगोलिकरुपमा दुर्गमक्षेत्रमा विद्यार्थी संख्या कम हुनु सामान्य मानिए पनि आवश्यक भौतिक पूर्वाधार, सडक सुविधा, खेलमैदान तथा खाजाको व्यवस्थासहित सहज पहुँच भएका विद्यालयमै विद्यार्थी संख्या न्यून हुनु चिन्ताको विषय बनेको छ ।

हेटौंडा उपमहानगर पालिका-१७ स्थित दिव्यज्योति आधारभूत विद्यालय त्यसको एउटा उदाहरण बनेको छ । सडक पहुँच, खेलमैदान, खानेपानी, खाजासुविधा तथा शिक्षण सिकाइका लागि अनुकूल वातावरण रहेपनि विद्यालयमा विद्यार्थी संख्या घट्दो क्रममा रहेको विद्यालयकी प्रधानाध्यापक प्रमिला घिमिरेले बताइन् । हाल विद्यालयमा ४५ जना विद्यार्थी अध्ययनरत छन् । जसमा आधाभन्दा बढी विद्यार्थी तराईका विभिन्न जिल्लाबाट आएका हुन् । चाडपर्व तथा विवाहउत्सवका समयमा धेरैजसो विद्यार्थी अनुपस्थित हुने गरेका कारण नियमित कक्षा सञ्चालनमा असर पर्न गएको विद्यालयले जनाएको छ ।

विद्यार्थी अभावकै कारण विद्यालयले कक्षा ३ र ४ सञ्चालन गर्न सकेको छैन । कक्षा ८ सम्म सञ्चालन हुँदै आएको विद्यालयमा अहिले विद्यार्थी अभावका कारण कक्षा ५ सम्म मात्र पढाइ हुने गरेको छ । विद्यार्थी आकर्षित गर्ने उद्देश्यले सञ्चालन गरिएको यातायात सेवासमेत अपेक्षाअनुसार प्रभावकारी नभएपछि तीन वर्षमै बन्द गरिएको प्रधानाध्यापक घिमिरेले जानकारी दिइन् । शैक्षिक गुणस्तर सुधार र स्रोतसाधनको उचित व्यवस्थापनका लागि विद्यार्थी संख्या कम भएका सामुदायिक विद्यालय समायोजन (मर्ज) गर्ने कार्य स्थानीय तहले तीव्र बनाइरहेका छन् ।



विद्यालय समायोजन तथा सहजिकरण कार्यक्रम कार्यविधि-२०७७ र स्थानीय सरकार सञ्चालन ऐन-२०७४ ले दिएको अधिकारका आधारमा स्थानीय तहले विद्यार्थी संख्या, भौगोलिक दूरी र शिक्षक-विद्यार्थी अनुपातलाई मुख्य मानक बनाएर विद्यालय गाभ्ने कार्य गर्दै आएका छन् । गत आर्थिक वर्षदेखि चालू वर्षसम्म मकवानपुरका १० स्थानीय तहमध्ये ७ वटा स्थानीय तहमा १५ वटा विद्यालय मर्ज भइसकेका छन् । हेटौंडा-१६ स्थित त्रिभुवन मावि, जनप्रिय माविमा समायोजन गरिएको छ । थाहा नगर पालिकामा रहेको गणेश प्रावि बज्रवाराही माविमा मर्ज गरिएको छ । त्यस्तै, मकवानपुरगढी गाउँपालिकामा ३, कैलाश गाउँपालिकामा ५, इन्द्रसरोवर गाउँपालिकामा १, राक्सिराङ गाउँपालिकामा २ विद्यालय समायोजन गरिएको छ ।

यसैगरी, बकैया गाउँपालिकामा २ विद्यालय कक्षा घटुवा गरिएको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरले जनाएको छ । इकाईकी सूचनाअधिकारी उन्नती ढकालका अनुसार जिल्लाभर २० भन्दा कम विद्यार्थी रहेका विद्यालय ६४ वटा रहेका छन् । हेटौंडा उपमहानगरपालिका भित्रका ९ वटा आधारभूत विद्यालयमा ५० भन्दा कम विद्यार्थी रहेका छन् । जिल्लाभर सयभन्दा कम विद्यार्थी भएका विद्यालयको संख्या २ सय ७४ रहेको सूचना अधिकारी ढकालले जानकारी दिइन् । मकवानपुरका ४ सय २९ सामुदायिक विद्यालयमा हाल ७८ हजार ३८ जना विद्यार्थी अध्ययनरत छन् । यिनलाई पढाउन दरबन्दी तथा राहतसहित ३ हजार ३ सय ३८ जना शिक्षक कार्यरत रहेका छन् ।

सार्वजनिक विद्यालय समायोजन एवं एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ मा विद्यालय आवातजावत गर्न लाग्ने समय, विद्यार्थी संख्या, जनसंख्या, विद्यालयको स्तरवृद्धि, माध्यमिक तहमा ठूला विद्यालय सञ्चालन, आवासीय विद्यालय सञ्चालन, नमूना विद्यालय विकास, विद्यालय नक्शाकंनका आधारमा विद्यालय समायोजन एवं एकीकरण गर्न सकिने व्यवस्था गरिएको छ । कार्यविधि अनुसार विद्यालय समायोजन भई एउटै विद्यालयमा गाभिन गएको अवस्थामा समायोजन भएपछि बन्ने विद्यालयको साविक विद्यालय व्यवस्थापन समितिले नै निरन्तर रुपमा कार्य गर्नेछ । समायोजनकै कारण समायोजनपश्चात नयाँ विद्यालय व्यवस्थापन समिति गठन हुनेछैन ।

यसैगरी एउटै विद्यालयमा कायम हुन गएको अवस्थामा समायोजनपछि बन्ने विद्यालयको प्रधानाध्यापकले नै प्रधानाध्यापकको जिम्मेवारी निरन्तररुपमा वहन गर्नेछ । तर, विद्यालयको तह वा स्तरवृद्धि हुने गरी विद्यालय समायोजन भएको अवस्थामा विद्यमान प्रधानाध्यापक शिक्षा ऐन तथा नियमावली र स्थानीय तहको शिक्षा ऐन तथा नियमावली वा कार्यदिश अनुसारको योग्यता र अनुभव नहुने अवस्था सिर्जना भएमा प्रचलित कानूनबमोजिम नयाँ प्रधानाध्यापक छनोट गरी कार्य जिम्मेवारी प्रदान गरिनेछ ।

दुई वा दुई भन्दा बढी विद्यालय आपसमा समायोजन भई विद्यार्थीलाई पायक पर्ने स्थानमा विद्यालय सञ्चालन हुनपर्ने, यसरी गाभिएका विद्यालयमा स्थानीय तहबाट विद्यार्थी संख्याको अनुपातमा विषयगत शिक्षकको व्यवस्था गरेको हुनुपर्ने, विद्यालय सञ्चालनको लागि आवश्यक जग्गा विद्यालयको आफ्नै नाममा भएको वा भोगाधिकार प्राप्त भएको हुनुपर्ने, यसरी गाभिएर सञ्चालन हुने विद्यालयमा तोकिएको न्यूनतम भौतिक पूर्वाधार (भवन, खेलमैदान, कक्षाकोठा, प्रयोगशाला, पुस्तकालय, शौचालय, खानेपानी आदि) व्यवस्था भएको हुनुपर्ने छ ।

भविष्यमा आवश्यक संरचना विस्तार गर्ने पर्याप्त ठाउँ भएको हुनपर्ने, यातायात सुविधाको पहुँच भएको विद्यालयको हकमा बालबालिकालाई ल्याउन र लान सवारीसाधन उपलब्ध हुनुपर्ने वा यातायात सुविधाको लागि हालसम्म सवारीसाधन खरिद नगरेका विद्यालयका लागि साझेदारीमा सवारीसाधन खरिदका लागि स्थानीय तहले कम्तिमा ५० प्रतिशत रकम योगदान गर्नुपर्नेछ ।

# चेपाङ विद्यार्थीले बनाएको भूउपग्रहको सफल परीक्षण



साझाकुरा संवाददाता

हेटौंडा, २७ मंसिर/ पूर्वीचितवनको खैरहनी नगरका दुई विद्यालयमा अध्ययनरत सीमान्तकृत चेपाङ विद्यार्थीले बनाएको स्याटेलाइट (भूउपग्रह) प्रक्षेपण सफल भएको छ ।

खैरहनी नगरपालिका-१ मा रहेको नवोदय स्कुल र अन्तोदय जनजाति आवासीय माविका नौ जना चेपाङ बालबालिकाले बनाएको स्याटेलाइट चीनबाट प्रक्षेपण गरिएको हो । 'स्लिपर टु स्याट' नाम दिइएको स्याटेलाइट प्रक्षेपण गरिएको परियोजनाका प्रोजेक्ट व्यवस्थापक ऋषभ अधिकारीले जानकारी दिए । चीनको 'काइनेटिक वान' र केटबाट स्याटेलाइट प्रक्षेपण गरिएको थियो । अधिकारीले भने 'प्रक्षेपण सफल भयो तर, स्याटेलाइटसँग कनेक्सन कार्य हुन सकेको छैन ।'

व्यवस्थापक अधिकारीले भूकम्प आउनुअघि उत्पन्न हुने सूक्ष्म इलेक्ट्रोम्याग्नेटिक तरङ्ग मापन गरी पूर्वसूचना दिने प्रविधि स्याटेलाइटमा समावेश गरिएको पनि जानकारी दिए । स्याटेलाइटमा विद्युतीय चुम्बकीय प्रणाली (इलेक्ट्रोम्याग्नेट) जडान गरिएको छ । यसले पृथ्वीबाटै स्याटेलाइटको गति रोक्न र कक्ष परिवर्तन गर्न सक्ने उनको भनाइ छ । स्याटेलाइट कम्तिमा पाँच वर्षसम्म सञ्चालनमा रहने अपेक्षा गरिएको छ । स्याटेलाइटको कक्षीय आयु (अर्बाइटल लाइफटाइम) छोट्याउन जोखिम रहेकाले कम्तिमा डेढ वर्षसम्म मात्र सञ्चालन हुने सम्भावना छ ।

'स्लिपर टु स्याट' अन्तरिक्ष प्रतिष्ठान नेपाल परियोजनाले चेपाङ बालबालिकालाई स्याटेलाइट निर्माणको तालिम दिएर बनाउन लगाएको हो । अन्तोदय जनजाति आवासीय माविका प्रधानाध्यापक रामबाबु चौधरीले अमेरिकामा अध्ययन गरेका डा. आभाष मास्केले स्याटेलाइटसम्बन्धी काम गरेको बताए । उनकै टिमले विद्यालयमा आएर दुई वर्षअगाडिदेखि सीमान्तकृत बालबालिकालाई समेटेर आफूले सिकेका ज्ञान बाँड्न थालेका थिए । प्रधानाध्यापक चौधरीले भने, 'क्षमता भएका चेपाङ बालबालिकालाई समेटेर एक वर्षभन्दा लामो समय लगाई तालिम प्रदान गर्ने र विभिन्न प्रविधिका बारेमा जानकारी गराउने गर्नुभएको थियो ।'

डाक्टर मास्केको परियोजनाका प्रतिनिधिले विद्यालयमै आवासीय सुविधासहित विद्यार्थीलाई स्याटेलाइट बनाउने तालिम दिएको थियो । प्रधानाध्यापक चौधरीले भने, 'चेपाङ विद्यार्थीले बनाएको स्याटेलाइट बुधबार प्रक्षेपण भयो भन्दा ज्यादै खुसी लाग्यो । बालबालिकालाई थोरै मात्रै अवसर दिए पनि उनीहरुभित्रको क्षमता प्रस्फुटन हुन सक्छ भन्ने कुरा प्रमाणित भएको छ ।' स्याटेलाइट निर्माण गर्नेमा नवोदय र अन्तोदयका कक्षा ७, ८ र ९ मा पढ्ने विद्यार्थी सहभागी भएका थिए । छानिएका नौ जना विद्यार्थीलाई तालिम दिएपछि उनीहरुले स्याटेलाइट बनाउन सकेका हुन् । नौ जनामध्ये पाँच छात्रा र चार छात्र छन् ।

स्याटेलाइट निर्माणमा बिनामाया प्रजा, एलिसा चेपाङ, शीतल प्रजा, सजिना चेपाङ, शिवकुमार चेपाङ, सुमिना तितुङ, अमृत चेपाङ, सुहान प्रजा, रनसिङ प्रजा रहेका छन् । स्याटेलाइट निर्माणमा अगुवा भूमिका खेल्ने अमृत चेपाङ हाल कक्षा ११ मा अध्ययन गर्दै छन् । जम्मा १२० विद्यार्थीमध्ये नौ जना विद्यार्थी छनोट गरी परियोजनाले तालिम दिएको थियो । उनीहरुले १६ महिना लगाएर स्याटेलाइट निर्माण गरेको परियोजनाका प्रोजेक्ट व्यवस्थापक अधिकारीले बताए ।

उनीहरूले बिहान स्कुलमा नियमित अध्ययन गर्ने, अपराह्न ४:३० देखि ६ बजेसम्म स्याटेलाइटको काम गर्ने गर्थे । सीमित स्रोतसाधन र कडा मेहनतले बनाइएको स्याटेलाइट प्रक्षेपण हुँदा दुवै विद्यालय परिवार अहिले हर्षले रमाएको छ । परियोजना व्यवस्थापक अधिकारीका अनुसार गत जेठमा स्याटेलाइट निर्माण सम्पन्न भएको थियो ।

# स्थानीय उत्पादनको वृहत् प्रदर्शनी मेला समापन

साझाकुरा संवाददाता

हेटौंडा, २७ मंसिर/ हेटौंडा-८ स्थित सर्वोत्तमसंचिती बचत तथा ऋण सहकारी संस्थाको स्थानीय उत्पादनको दुईदिने प्रदर्शनी तथा विशेष छुटसहितको बिक्री मेला समापन भएको छ ।

शुक्रबारदेखि सुरु भएको मेला शनिबार बागमती प्रदेशकी सहकारी तथा गरिबी निवारण मन्त्री बिनु रायमाझी पौडेलको प्रमुख आतिथ्यतामा समापन भएको हो । मेलामा सहकारी, महिला समूह तथा रैथाने परिकार गरी कुल ५० स्टल रहेका थिए ।

सहकारीका तर्फबाट ४०, महिला समूहका ६ तथा रैथाने परिकारका २ स्टल राखिएको सहकारीका अध्यक्ष रामबहादुर बस्नेतले जानकारी दिए । प्रदर्शनमा आलस, चामल, बेसार, तेल, दाल, पिठो लगायत स्थानीय उत्पादनका स्टल रहेका थिए ।



अध्यक्ष बस्नेतकाअनुसार सहकारीमा आवद्ध महिला समूहले तयार गरेका धूप, हस्तकलाका सामग्रीका स्टल राखिएको हो । उत्पादनक्षेत्रमा सहकारीको प्रवेशले सफलता प्राप्त गर्न सकिन्छ भन्ने सन्देश प्रवाह गर्न मेलाको आयोजना गरिएको उनले बताए । सहकारीले मेरो उत्पादन म उपभोक्ता सिद्धान्त अनुसार ६४ प्रकारका उपभोग्य वस्तु तथा पशुआहार उत्पादन गर्दै आएको छ । सहकारीमा आवद्ध महिला एक समूह एक उत्पादन अभियानअनुसार उत्पादनमूलक कार्यमा सक्रिय रहेका छन् । अहिले महिलाको ६ वटा समूहले छुट्टाछुट्टै उत्पादन गर्दै आएका छन् । सहकारीमा ३ हजार ४६ सदस्य रहेका छन् । सहकारीले मेलासँगै सहकारीको १९औं वार्षिक साधारणसभा आयोजना गरेको हो ।

सहकारीको शेयरपूँजी २ करोड ९० लाख ६८ हजार रुपैयाँ रहेको छ । सहकारीले सदस्यलाई ६ करोड २२ लाख ५९ हजार रुपैयाँ ऋण लगानी गरेको छ । गत आर्थिक वर्षमा ७४ लाख २५ हजार रुपैयाँ खुद ब्याज आम्दानी गरेको छ । पछिल्लो समय सर्वोत्तम सहकारी उत्पादनमूखी सहकारीका रुपमा अघि बढिरहेको छ ।

# आधारभूत तहस्तरीय हाजिरी जवाफ प्रतियोगिता सम्पन्न



साझाकुरा संवाददाता

हेटौंडा, २७ मंसिर/ राक्सिराङ गाउँपालिकामा आधारभूत तहस्तरीय हाजिरी जवाफ प्रतियोगिता सम्पन्न भएको छ । प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने तीन विद्यालयका शिक्षकलाई नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको छ ।

प्रतियोगितामा राष्ट्रिय माध्यमिक विद्यालय राक्सिराङ-६, सिलिङ्गेका शिक्षक कल्पना मरासिनी पोखेल, सुनिता थिङ र सरोज थापा प्रथम स्थान हासिल गर्न सफल भएका छन् । उनीहरुले जनही नगद १० हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गरेका छन् ।

त्यसैगरी, मावि देविटारका शिक्षकहरु बिनोद यादव, मुना सुनार र जुनु दोङ लामा दोस्रो स्थानमा रहे । उनीहरुले जनही नगद ५ हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गरेका छन् ।

तृतीय स्थानमा थुम्की आधारभूत विद्यालय राक्सिराङ-२ का शिक्षक भुपेन्द्र गौतम, लोकेन्द्र लामाब्लोन र रचना थापा रहेका छन् । उनीहरुलाई जनही नगद ३ हजार रुपैयाँसहित प्रमाणपत्र प्रदान गरिएको छ । गाउँपालिकाको ३० वटा विद्यालयबाट आधारभूत तहमा कार्यरत ९० जना शिक्षकको सहभागिता रहेको शिक्षाशाखा अधिकृत पंकज थारुले जानकारी दिए ।

समापन कार्यक्रममा गाउँपालिका उपाध्यक्ष बनस्तम थिङ, प्रमुख प्रशासकीय अधिकृत सन्देश मास्के, जिन्सी शाखाप्रमुख रामकृष्ण भट्टराईलगायतले विजयी शिक्षकलाई नगद पुरस्कार तथा प्रमाणपत्र वितरण गरेका थिए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्यास रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# रक्सौल-काठमाडौं रेलवे डीपीआर

नेपालमा केही भएन, मुलुक ध्वस्त भयो, बस्नै मन लागेन भनेर विदेशिने युवाको लर्को त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थलमा हेर्दा पुग्छ । दैनिक ३ हजारको हाराहारीमा युवा पलायन भइरहेका छन् । तर, नेपालमा केही पनि नभएको भने होइन । केही नेताहरुका गतिबिधिका कारण समस्या भने जरुर छ । बोलवाला मन्त्री वा प्रधानमन्त्रीको जिल्लामा पहुँचका आधारमा विकासका बजेट हाल्ने तर, पहुँच नभएका जिल्ला सिम्म हुने अवस्थाले गर्दा मुलुकका युवाले निराशा भोगेका हुन् । पछिल्लो समय नेपालको पूर्वपश्चिम विद्युतीय रेल संचालन गर्ने, बीरगंजबाट काठमाडौसम्म पोडवे संचालन गर्ने जस्ता महत्वपूर्ण विषयमा काम भइरहेको छ । भारत सरकारको सहयोगमा बिहार राज्यको रक्सौलदेखि नेपालको संघीय राजधानी काठमाडौंसम्म रेलवेका लागि डिटेल प्रोजेक्ट रिपोर्ट (डीपीआर) तयार भएको छ । भारत रेलवेका अधिकारीहरुले जनाएअनुसार बिहार राज्यसित जोडिएको क्रसबोर्डर रक्सौल-काठमाडौं रेल लिंकको लामो योजनाको डीपीआर तयार भएको छ । निर्माणपूर्व गरिने महत्वपूर्ण कार्य पूरा भएको बताउँदै अधिकारीहरुले सन् २०२६ को जनवरीमा डीपीआर हस्तान्तरण गरिने जनाएका छन् ।

बिहारको रक्सौलदेखि काठमाडौंसम्म रेलवेको सोझो सम्पर्क स्थापित हुने अधिकारीहरुले जनाएका छन् । यसले भारत र नेपालबीचको क्रस बार्डर सम्पर्कमा सुधार आउने छ । २५ हजार करोड भारतीय रुपैयाँ बजेट रहेको रेलवे लाईन निर्माणपछि रक्सौलदेखि काठमाडौंबीचको दूरी ३ घण्टामा सीमित हुनेछ । सडकमार्गबाट रक्सौलदेखि काठमाडौंको दूरी हाल कम्तिमा ६ घण्टा रहेको छ । रेलमार्गले त्यसलाई ३ घण्टामा सीमित गर्ने भारतीय अधिकारीहरुले जनाएका छन् । डीपीआर तयारीको अन्तिमचरणमा रहेको र जनवरीमा हस्तान्तरण हुने बताउँदै अधिकारीहरुले भने, अब चाँडै ट्र्याक लेइङ कार्यको टेण्डर हुने बताएका छन् । झण्डै ८० प्रतिशत कार्य भारतीय कम्पनी कोंकन रेलवेले पुरा गरिसकेको अधिकारीहरुले जनाएका छन् । निर्माण हुन लागेको रेलवे लाईनले भविष्यमा भारतको राजधानी नयाँदिल्ली र नेपालको राजधानी काठमाडौं जोड्ने 'दिल्ली-नेपाल ट्रेन सर्भिस' बनाइने छ । यो रेलवेको ठूलो क्षेत्रीय रेल नेटवर्क बन्नेछ । भारत बिहारको जयनगरदेखि महोत्तरीको भँगाहासम्मको ४५ किलोमिटर लामो रेलमार्ग कौंकनले बनाएको थियो । भारतीय रेलको ईञ्जिनलगायत कार्यहरु कोंकनले गर्दै आएको छ । प्रस्तावित रेलमार्गले रक्सौल-काठमाडौंबीच लाग्ने यात्रा समयमा नाटकीयरुपमा कमी आउने बताइएको छ । हाल रक्सौलदेखि काठमाडौंको मोटरबाट छोटो दुरीमा पनि १ सय ३६ किलोमिटर लामो यात्रा गर्नु परिरहेको छ । साना सवारीबाट रक्सौलदेखि काठमाडौं जान कम्तिमा ६ घण्टा लाग्ने गरेको छ । बस, ट्रक वा लहरीलाई भने २० घण्टामा बीरगंजबाट काठमाडौं पुग्नुपर्ने बाध्यता रहेको छ ।

तर, रेलमार्गको दूरी १ सय ४१ किलोमिटर हुने डीपीआरमा उल्लेख छ । सञ्चालन भएपछि त्यो दूरी ३ घण्टामा सहजै पूरा गरिने रेलवे अधिकारीहरुले जनाएका छन् । रक्सौलदेखि काठमाडौंसम्म कुल १३ रेलवे स्टेशन हुने रेलवेका अधिकारीहरुले बताएका छन् । रेलमार्गमा ४२ किलोमिटर सुरुङमार्ग र १ सय २४ वटा पुल निर्माण हुने कोंकनका अधिकारीहरुले जनाएका छन् । ब्रोडगेज रेललिकमा १ सय २० किलोमिटर प्रतिघण्टाको गतिमा रेल गुड्ने कौंकनले जनाएको छ । रक्सौल-काठमाडौंबीचको तेस्रो र चौथों चरणको योजनालाई बिहार पर्यटनअन्तर्गत स्वीकृति प्रदान गरिएको छ । यो योजना पनि द्रुतगतिमा अगाडि बढिरहेको अधिकारीहरुले जनाएका छन् । रक्सौलदेखि जीतपुर, निजगढ, शिखरपुर, सिस्नेरी र सतीखेल हुँदै रेल चोभार पुग्नेछ । कौंकनका अधिकारीहरुले जनाएअनुसार रेलवेको लागत घटाउन हरसंभव प्रयास भएको छ । उनीहरुले यात्रुवाहक र मालबाहक दुबै रेल सञ्चालन हुने जनाएका छन् । चोभारसम्म मालबाहक रेल पुग्ने बित्तिकै भारतलगायत तेस्रो मुलुकबाट नेपाल आउने मालसमानको ढुवानी खर्च निकै घट्ने व्यवसायीले बताएका छन् । नेपालमा हाल बिहारको जयनगरदेखि जनकपुरधाम हुँदै महोत्तरीको भँगाहासम्म ४५ किलोमिटर मात्र रेलसेवा सञ्चालनमा रहेको छ । रक्सौलदेखि काठमाडौंसम्म सञ्चालन हुने रेलमार्गमा यात्रुवाहक र मालवाहक सेवा सञ्चालन भए मुनाफामा सञ्चालन हुने अधिकारीहरुको विश्लेषण छ । नेपालमा हाल पूर्वपश्चिम रेलको काम पनि भइरहेको छ । तर, त्यो कछुवाको गतिमा काम भइरहेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ मंसिर २९ गते सोमबार १५ डिसेम्बर २०२५ । एकादशी, पौष कृष्णपक्ष । थिंलागा ११४६ ने.सं. । सूर्योदय ६:४८ सूर्यास्त ५:०९ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मन प्रसन्न रहनेछ | तुला | : परिवारमा सुखद माहौल रहनेछ |
| वृष | : विरोधी परास्त हुनेछन् | वृश्चिक | : स्थिति अनुकूल बन्नेछ |
| मिथुन | : व्यापारमा लाभ हुनसक्नेछ | धनु | : प्रेम सम्बन्ध प्रगाढ हुनेछ |
| कर्कट | : काममा सफलता मिल्नेछ | मकर | : अहंकारको भावले काम विगार्नेछ |
| सिंह | : अधुरा कामहरु पूरा हुनेछ | कुम्भ | : धार्मिक कार्यको अवसर मिल्नेछ |
| कन्या | : स्वास्थ्यको समस्या आउनेछ | मीन | : व्यापार राम्रो चल्नेछ |

# प्रहरी, सेना र नागरिक प्रशासन



श्यामप्रसाद मैनाली

नेपालको राजनीतिमा विचित्रका पात्रहरू पटक-पटक देखिने गरेका छन् । अन्तरिम सरकारमा सुशीला कार्की विराजमान हुनुपूर्व उनी ठूलै क्रान्तिकारी नेतृका रुपमा सडकमा देखिएकी थिइन् । पाँच मिनेटमा भ्रष्टाचार निर्मूल पार्ने अभिव्यक्ति उनले प्रधानमन्त्री भएपछि दिइन् । तर हालका दिनसम्म छानबिन आयोगसम्म पनि गठन भएको छैन । उहाँको भ्रष्टाचार नियन्त्रण गर्ने जादुको छडी भविष्यले नै देखाउला । तर उहाँ आफैं विवादित बनेकी छन् । अर्का नेता केपी ओली प्रधानमन्त्री भएको बखत हत्या गरिएका नेपाली युवाहरूको बारेमा नैतिक र पदीय जिम्मेवारी लिँदैनन् । छानबिन आयोगले बयान दिन डाकेको अवस्थामा उपस्थित नहुने सगौरव अभिव्यक्ति दिन्छन् । प्रहरीको आईजी परिस्थितिले गोली हान्ने आदेश दिएको कुनै पनि पदाधिकारीले आदेश दिनु नपर्ने अभिव्यक्ति दिन्छन् । यस्तै विचित्रका राजनीतिज्ञ र पदाधिकारीको जमघट देशमा छ ।

विश्वभरका लोकतान्त्रिक मुलुकहरूमा सशस्त्र बलमाथि नागरिक प्रशासनको नियन्त्रण कायम गरिएको हुन्छ । हतियारले सुसज्जित प्रहरी वा सेनालाई नागरिक प्रशासनको नियन्त्रण रहेन भने नियन्त्रणभन्दा बाहिर उद्देश्य विपरीत परिचालन हुन सक्छन् । लोकतन्त्रमा निर्वाचित जनप्रतिनिधिहरू जनताप्रति पूर्णरूपमा जवाफदेही हुनुपर्दछ । जनतामाथि सशस्त्र समूहको नियन्त्रण कुन सीमासम्म स्वीकार्य हुने हो ? त्यसको निर्णय गर्ने अधिकार निजामती प्रशासनमा निहित हुनुपर्छ । हतियारले सुसज्जित सुरक्षा बलले जनतामाथि आवश्यकताभन्दा ज्यादा बल प्रयोग गरेका अवस्था सबैतिर देखिएका छन् ।

बेलाबखत यस्ता हतियारयुक्त बलले कानुनी परिधिभन्दा बाहिर गएर बल प्रयोग गरेको अवस्था देखिने गर्दछ । लोकतन्त्रमा यस्ता हातहतियारधारीहरूलाई स्वतन्त्ररूपमा छाडिनुहुन्न । जनताको सुरक्षाका लागि गठन भएको संगठन जनतामाथि नै दमन गर्ने अवस्थामा पुग्ला भन्ने चिन्ता लोकतन्त्रमा हुने गर्दछ । नागरिक प्रशासनसँग समन्वय र सन्तुलन कायम गर्दै आफ्ना कर्तव्य निर्वाह यस्ता हातहतियारधारीहरुले गर्नुपर्दछ । यस्ता सुरक्षा दस्ताहरूलाई अत्यावश्यक केही अधिकार र जिम्मेवारीहरू कार्यपालिका र व्यवस्थापिकाबाट प्रदान गरिएका हुन्छन् । लोकतन्त्रमा सैन्य शासन र प्रहरीको अत्यधिक प्रभावबाट समाजले मुक्ति पाउनुपर्दछ । निर्वाचित प्रतिनिधिका रुपमा रक्षा मन्त्रालय र गृह मन्त्रालयको नेतृत्व गर्ने सम्बन्धित मन्त्रीहरुले समन्वय गर्ने, नियन्त्रण गर्ने र सहजीकरण गर्ने सम्पूर्ण काम गर्नुपर्दछ । मन्त्रीहरूले आफ्ना मन्त्रालयहरूमा निजामती कर्मचारीहरूमार्फत यी सबै कार्यहरु सम्पादन गर्नुपर्दछ । यो व्यवस्था हुँदा समग्र सुरक्षा बल नागरिकको नियन्त्रणमा रहने अवस्था बन्दछ ।

अन्यथा जनताका लागि व्यवस्थित गरिएका यस प्रकारका संगठनहरू जनताकै विरुद्ध परिचालन हुन्छन् । नियन्त्रण गर्ने, परिचालन गर्ने दायित्व जनप्रतिनिधिहरुको हो । जनप्रतिनिधिहरूले आफ्ना स्थायी संयन्त्रका रूपमा रहेका निजामती प्रशासनलाई यस उद्देश्य प्राप्तिका लागि उपयोग गर्दछन् । तसर्थ सशस्त्र दस्ताहरु सबै नागरिकहरूको नियन्त्रणमा रहनुपर्दछ । यो लोकतन्त्रको विश्वव्यापी मान्यता हो ।

**केही देशमा नागरिक प्रशासनको व्यवस्था:**

नागरिक प्रशासनको मातहतमा हतियारधारी बलहरूलाई राख्नुपर्छ भन्ने अवधारणा राज्यको उत्पत्ति हुनुभन्दा केही पछि मात्र आएको हो । लोकतन्त्रको संस्थागत विकासका क्रममा यो अवधारणाले मान्यता पाउँदै गएको हो । संयुक्त राज्य अमेरिकामा सन् १७९४ सम्म त्यहाँको सेना स्वतन्त्ररुपले आफ्नो जिम्मेवारीमा रहेको थियो । राष्ट्रपति जर्ज वासिङ्टनको पालामा घरेलु मदिरा उत्पादकहरूलाई पनि करको दायराभित्र समेट्ने नीति अवलम्बन गरियो । संघीय सरकारको यो करको विरुद्धमा घरेलु मदिरा उत्पादकहरुले विद्रोह गरे । संयुक्त राज्य अमेरिकाका विभिन्न गाउँहरूमा थुप्रै संख्यामा साना परिमाणका मदिरा उत्पादन भइरहेका थिए । विद्रोहमा सबैको सहभागिता देखियो । ठूलो संख्यामा विद्रोहीहरु संघीय सरकारको विरुद्धमा खडा भए । देशको सेनालाई नै परिचालन गर्नुपर्ने अवस्था आयो । जनतामाथि ठूलो बल प्रयोग होला भन्ने चिन्ता राष्ट्रपति जर्ज वासिङ्टनलाई भयो । सशस्त्र बलमाथि नागरिक नियन्त्रणका बारेमा सिद्धान्त प्रतिपादन गरियो । दुई शक्तिहरुका बीचको सन्तुलनको अवस्था राष्ट्रपतिले बनाए ।

सेनाको सर्वोच्च कमान्डर राष्ट्रपति हुने व्यवस्थाका कारण जर्ज वासिङ्टनले यो अधिकारको अभ्यास गर्दथे । कानुनी र लोकतान्त्रिक मूल्य र मान्यता पूरा गरेपछि मात्र नागरिक प्रशासनको सीधा निर्देशनमा सशस्त्र बल परिचालन हुने व्यवस्था मिलाए । संविधान प्रदत्त नागरिक शासनको व्यवहारमै सफल प्रयोग गर्न सफल भए । सन् १९५० मा सैनिक नागरिक सम्बन्ध, बजेट राजनीति र संयन्त्रका सिद्धान्तका विषयमा भएको नागरिक प्रशासन र सैन्य शक्तिका बीचको द्वन्द्वको समाधान निकाल्नुपर्ने अवस्था बन्यो । यो नीतिगत विरोध थियो । राजनीतिकर्मी र सैन्य शासनबीचको तीव्र तनावको अवस्था थियो । सैन्य अधिकारीहरूले नागरिक प्रशासनमाथि खुला चुनौती दिएका थिए । सैन्य एवं अन्य सशस्त्र सुरक्षा दस्ताका बीचको कार्यक्षेत्र, जिम्मेवारी र अधिकारका बारेमा समीक्षा, परीक्षण गरेर पुनरावलोकन गरियो । केही सैन्य उच्चपदस्थ अधिकारीहरुलाई सेवाबाट बर्खास्त गरियो । यी दुईवटा घटनाबाट केही सन्देशहरू प्रभाव भएका थिए । पहिलो हो नागरिक प्रशासनमार्फत मात्र सेनालगायत अन्य सशस्त्र समूहको परिचालन गर्नुपर्दछ भन्ने सन्देश व्हिस्की रिभोलुसनको हो ।

सैन्य अधिकारीहरूले नागरिक प्रशासनको विरोध र विद्रोह गर्दा अन्तिम अधिकार नागरिक नेतृत्वकै हातमा रहन्छ, सशस्त्र दस्तामा होइन । यो सन्देश रिभोल्ट अफ एडमायरको हो । वाइडेन राष्ट्रपति भएको समयमा ४० वर्षसम्म सैन्य सेवामा समर्पित रहेका एक जनरल लिओर्ड जे अस्टिनलाई सन् २०२१ मा रक्षा सचिवमा नियुक्ति गरे । यो नागरिक प्रशासनलाई कमजोर बनाउने काम राष्ट्रपतिबाट भएकोमा विरोध भयो । यो काम आफैंमा विवादित बन्यो । सैन्य अधिकारीलाई अवकाश भएको मितिले सात वर्षसम्म कुलिङ अफ पिरियड लागू गर्ने ऐन जीवन्त थियो ।

कांग्रेसले नै यो प्रावधान विपरीत भएको नियुक्तिलाई स्वीकृति दियो । पेन्टागनलाई गैर राजनीतिक अखडा बनाउने काम भएकोमा देशभर विरोध भएको थियो । विद्रोहले राजनीतिक रूप लिएपछि र सफल हुँदा सैन्य हाबी भएका उदाहरण धेरै देशमा पाइन्छ । गतवर्ष बंगलादेशमा तत्कालीन प्रधानमन्त्री शेख हसिना बाजेदलाई भारततर्फ पलायन गराउने काम त्यहाँको सेनाले नै गरेको थियो । तत्पश्चात् नयाँ शासकको चयन गर्ने काममा पनि सेनाकै भूमिका महत्वपूर्ण देखिएको थियो । यी प्रतिनिधि उदाहरणहरूले लोकतान्त्रिक मुलुकहरूमा पनि समय-समयमा नागरिक प्रशासनमाथि बादल लागेको छ । यसका पछाडि शासकहरू र नागरिक प्रशासन जिम्मेवार देखिन्छन् ।

**नेपाली सन्दर्भ :**

पञ्चायती शासनकालमा नेपालको सेना राजाप्रति समर्पित थियो । ४६ सालपश्चात् संवैधानिक राजतन्त्र रहँदाको अवस्थामा पनि नेपाली सेनाको परमाधिपति राजा नै हुने गर्दथे । त्यस समय पनि सेनालाई जनतामा समर्पित शक्तिका रुपमा ग्रहण गर्न सक्ने अवस्था रहेन । २०६२-६३ सालको जनआन्दोलनपश्चात् शाही नेपाली सेना नेपाली सेनामा रुपान्तरन भयो, तर पनि नेपाली सेनालाई नेपालका राजनीतिज्ञहरूले आफ्नो नियन्त्रणमा राख्न सकेका छैनन् । सकारात्मकरूपमा ग्रहण गर्दा नेपाली सेनामा राजनीतीकरणको विकृतिपूर्ण प्रवेश हालका दिनसम्म भएको छैन । सेना आफ्नै मूल्य मान्यता अनुरुप स्वतन्त्र निकायको रुपमा परिचालित छ । कानुनी व्यवस्था हेर्दा यो नेपाल सरकारको सेना हो । यसका परमाधिपति राष्ट्रपति हुन्छन् ।

नेपालको सेनाले देशमा सैनिक शासनको परिकल्पना हालका दिनसम्म गरेन । यदि सेनाले यो आकांक्षा राखेको हो भने राजनीतिक दलहरू अत्यन्त कमजोर र जनताका दृष्टिमा बिस्तारै अस्वीकार्य बन्दै गएको स्थितिमा सहजै सैन्य शासन लागू हुन सक्थ्यो । गत भाद्र २३ र २४ गतेको जेन्जी समूहको आन्दोलनको समयमा नेपाली सेनाको भूमिका सकारात्मक र आलोचनायुक्त रह्यो । एक बटालियन सैन्य सिंहदरबारमै राखिएको थियो । यसले सिंहदर बारको सुरक्षा गर्नुपर्नेमा मुकदर्शक बन्यो । सिंहदर बार, सर्वोच्च अदालत, संसद् भवन सबै खरानी बनिरहँदा नेपाली सेनाले यसलाई बचाउनुपर्छ भन्ने सोचसम्म राखेको देखिएन । सिंहदरबार र सर्वोच्च अदालतबाट करिब ५०० मिटरको दूरीमा नेपाली सेनाको मुख्यालय थियो । तर सेनाले यसतर्फ ध्यान दिएन । यसका पछाडि सेनालाई नागरिक प्रशासनको मातहतमा व्यवहारमा मुलुकले हालसम्म राख्न सकेको देखिएन ।

सेनाको परमाधिपतिको निवास जलिर हँदा ढोकामा सुरक्षा गरिराखेका सेनाका जवानहरूले युवाहरू त्यसतर्फ बढिरहँदा सहजै पाखा लागेका दृश्य सुरक्षित छ । प्रधानमन्त्री, राष्ट्रपतिलगायतका अति विशिष्टहरू सबै सेनाकै सुरक्षामा शरणागत थिए । राष्ट्रपतिले सेनालाई कुनै पनि आदेश दिने साहस गर्न सकेनन् । हुन सक्छ, उनले दिएको आदेश सेनाले स्वीकार गर्न पनि सक्थ्यो वा नगर्न पनि सक्थ्यो । तर यसको परीक्षण राष्ट्रपतिबाट हुनै पर्दथ्यो । राष्ट्रपति यस अर्थमा आफ्नो कर्तव्य पलायनबाट चुकेकै हुन् । सेनाले थुप्रै संख्यामा नेपाली नागरिकहरूको हत्या गर्नुपर्ने परिस्थिति भएकाले जुलुसलाई रोक्न नचाहेको तर्क आइराखेको छ । यसको पक्ष-विपक्षमा बहस गर्न सकिन्छ ।

सकारात्मकरुपमै विश्लेषण गर्दा तत्कालीन प्रधानमन्त्रीले राजीनामा गरेपश्चात् देश लावारिस भएको थियो । यो परिस्थितिलाई समाधान गर्दै देशमा अन्तरिम सरकार दिन सेनाले निर्वाह गरेको भूमिका सकारात्मक देखिएको छ । तर राष्ट्रिय सुरक्षा समितिसँग समन्वय गर्दै राष्ट्रिय सम्पत्तिको संरक्षण गर्न सक्नुपर्दथ्यो । अत्यन्त ठूलो नोक्सानी राष्ट्रले व्यहोर्नुपरेको छ । यसको जिम्मेवारी र जवाफदेहिता लिने पदाधिकारी र निकाय कुन होला ? नेपाली जनताले यसको जवाफ माग्ने नै छन् । नेपालको प्रहरी आफ्नो पेसागत दक्षताको सदुपयोग गर्ने हैसियतमा कहिल्यै पनि देखिएन । सरकारमा रहनेहरूको निर्देशन र आशय अनुरूप परिचालित हुँदै आएको छ ।

प्रहरीलाई कानुनले प्रदान गरेका थुप्रै प्रकारका भूमिकाहरु छन् । ती सबै जिम्मेवारीको निर्वाह इमानदारिताका साथ गर्ने पेसागत क्षमता प्रहरीसँग छ । तर प्रहरी संगठनलाई अत्यधिक राजनीतिकरण गरिएकाले समग्र प्रहरी प्रशासनको मनोबल गिरेको छ । सरकार कमजोर भएका बखत प्रहरी स्वतन्त्र रुपले अघि बढेको छिटपुट घटना पनि नदेखिएका होइनन् । तर विशेष गरी गृहमन्त्री जनताका प्रतिनिधि भएको अवस्थामा नेपालको प्रहरीले गृहमन्त्रीको जे-जस्ता आदेशहरु पनि कार्यान्वयन गर्ने निकायका रुपमा आफ्नो पहिचान बनाउँदै आएको छ । प्रत्येक राजनीतिक आन्दोलनहरूमा शान्ति सुरक्षाका लागि प्रतिबद्ध रहेका प्रहरीहरूमाथि सर्वसाधारणको आक्रमण भइराखेको छ । २०४६ सालको आन्दोलनको सफलतापश्चात् तत्कालीन आईजीपी हेमबहादुर सिंहमाथि गृहमन्त्रीकै सामुन्ने हातपात भयो ।

केही प्रहरीहरु हताहत भए । प्रहरीको सर्वोच्च कमान्डरमाथि नै हातपात हुँदा स्थितिलाई नियन्त्रण गर्न नसक्ने अवस्थामा प्रहरीको मनोबल कसरी उच्च हुन सक्छ ? गत भाद्र महिनाको आन्दोलनमा पनि प्रहरीहरूलाई निर्मम हत्या गरेको, उनीहरूको हतियार खोसिएको, लुटिएको, प्रहरीहरूको ड्रेस लगाएर प्रहरी संगठनलाई नै दिल्लगी गर्न पुगेको दृश्यहरू सबै नेपालीहरूले प्रस्ट देखेकै हुन् ।

हालसम्म पनि लुटिएका हतियारहरू र प्रहरीले नियन्त्रण गर्न नसकी कारागारबाट कैदीहरु निस्किएर फरार रहेको दृश्य सबैका सामु स्पष्ट छ । ती सबै अपराधीहरु र हातहतियार हरु आजका दिनसम्म सरकारले फिर्ता गर्न सकेको छैन । नेपालको प्रहरी संस्थागत विकासमा ध्यान नदिने तर सरकारको इशारामा मात्रै परिचालन हुने भएकाले नागरिक तहबाट वैधता प्राप्त गर्न नसक्ने अवस्थामा पुग्दै छ । राजनीतिक विकृति संगठनभित्र प्रवेश गराउन प्रहरीकै उच्च पदस्थहरु जिम्मेवार छन् । सिद्धान्ततः प्रहरीहरू जनताका असल मित्र हुनुपर्ने हो तर व्यवहारमा नागरिक सर्वोच्चताको धज्जी उडाउने काम प्रहरीबाट बेलाबखत हुने गरेको छ ।

राजनीतिबाट आएका अनुपयुक्त निर्णयहरूको प्रतिकारस्वरूप आफ्नो पदबाट राजीनामा दिनेहरू पनि प्रहरीमा देखिएका छन् । कानुनले आदेश दिने अधिकारीहरू र राजनीतिज्ञहरूबाट दुविधाजनक परिस्थिति निर्माण हुने गरी निर्देशनहरू गर्ने प्रचलनले गर्दा प्रहरीलाई आन्दोलनको समयमा मासलाई नियन्त्रणमा लिन कठिन बनेको र स्थिति विस्फोटक बनेको अवस्था पनि छ । स्पष्ट र उपयुक्त आदेश प्रहरीको उच्च कमान्डबाट नआउने र प्रत्येक आन्दोलन पछाडि प्रहरीहरु नै कारबाहीमा पर्ने परिस्थिति निर्माण हुँदै गएको छ ।

**निष्कर्ष :**

लोकतन्त्रमा नागरिकहरूको सुरक्षा निर्वाचित प्रतिनिधिहरूको कर्तव्य हो । प्रहरीले निश्चित आदेश र नीति अनुरुप कार्यान्वयन गर्ने हो । अपराधको रोकथाम गर्ने, अनुसन्धान गर्ने र शान्ति सुरक्षा कायम गर्ने गर्दै व्यक्तिगत स्वतन्त्रताको प्रत्याभूति गराउने दायित्व सबै लोकतान्त्रिक शासन प्रणालीले अवलम्बन गरिराखेको हुन्छ । उच्च पदस्थ प्रहरीहरूले सार्वजनिक हितका विषयहरूभन्दा राजनीतिज्ञका व्यक्तिगत स्वार्थका विषयलाई सम्बोधन गर्दै अघि बढ्ने नीति अवलम्बन गर्दै आएका छन्, त्यो सर्वथा गलत हो । प्रहरी आफैं सामाजिक संस्था हो । सामाजिक र सार्वजनिक हित कायम गर्दै सुरक्षाको प्रत्याभूति गर्ने यसको कर्तव्य हो । नेपालमा विविधायुक्त समाज भएकै कारण यसलाई सम्बोधन गर्न सक्ने प्रकारले समान कानुन पूर्णरुपमा बनेका छैनन् । बनेका कानुनहरूबाट पनि निश्चित वर्ग र समूहले मात्र यो फाइदा लिइराखेका छन् । यसमा सुधार हुनु जरुरी छ ।

संगठनात्मक स्वरूप, काम गर्ने तरिका र यसमा राजनीतिबाट स्वतन्त्र हुनुपर्दछ । प्रहरीले राजनीतिज्ञहरूसँग सम्पर्क र सम्बन्ध विस्तार गर्दा प्रचलित कानुन र प्रणालीका आधारमा मात्र गर्नुपर्दछ । अनुपयुक्त ढंगले परिचालित हुनुहुँदैन । प्रहरी संगठन राजनीतिक पदाधिकारीप्रति सौहार्द हुनै पर्दछ तर त्यसको सीमा हुन्छ । राजनीतिज्ञहरूले पनि सार्वजनिक हितलाई प्राथमिकतामा राखी नीति बनाउनुपर्दछ । राजनीतिज्ञहरूका आग्रह र पूर्वाग्रहबाट प्रहरी संगठनलाई मुक्ति दिलाउने काम पनि राजनीतिज्ञहरूकै हो ।

विशेष गरी गृहमन्त्रीले प्रहरी र आफूलगायत निजामती संयन्त्रको कार्यक्षेत्रको बारेमा स्पष्ट जानकारी राख्नुपर्दछ । वर्तमान समयमा नेपालका प्रहरी र सेनालाई जनताप्रति थप उत्तरदायी बनाउनुपर्ने अवस्था छ । राजनीतिक हस्तक्षेपबाट सुरक्षा निकायहरू निरपेक्ष रुपमा स्वतन्त्र हुनुपर्दछ । प्रभावकारी नियन्त्रण, परिचालन र निर्देशन गर्ने काम सम्बन्धित मन्त्रालयको हुनुपर्छ । यो हैसियत मन्त्रालयहरुले राख्न सक्नुपर्दछ ।

प्रभावकारी समन्वय र सेवा प्रवाहको गुणस्तरको परीक्षण गर्ने काम नागरिक प्रशासनको हो । सुरक्षाकर्मीहरूका बीचको चेन अफ कमाण्ड र शिष्टाचारमा नकारात्मक प्रभाव नागरिक प्रशासनले पार्नुहुँदैन । सुरक्षा निकायहरूमा नागरिक नियन्त्रणको आवश्यकता सरकारलाई जवाफदेहिता र जिम्मेवार बनाउन आवश्यक हुन्छ । आर्थिक सार्वजनिक जवाफदेहिता र समन्वय पनि सुनिश्चित गर्न नागरिक प्रशासनको क्रियाशीलता जरुरी हुन्छ । यी व्यवस्था हुँदा मात्र सुरक्षा बलमाथि नागरिक नियन्त्रण सुदृढ हुन्छ । यसले देशको लोकतन्त्रप्रति सकारात्मक प्रभाव पार्दछ ।

*(साभार: न्यूज अफ नेपाल)*

# एमाले महाधिवेशन: विचार प्रधान कि अवसर ?

विद्रोही गिरी

गत भदौ २३ र २४ को परिघटनापछि मुलुक राजनीतिक अनिश्चिततामा पुग्यो । २०७९ सालमा निर्वाचित प्रतिनिधिसभा साढे दुई वर्षमै सहजै ढल्यो । सुशासन कायम हुनुपर्ने र सामाजिक सञ्जालमा लागेको प्रतिबन्ध विरुद्धको जेनजी पुस्ताको आन्दोलनपछि पाँच वर्षको जनादेश पाएको संसद आधा अवधिमै ढल्यो । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको सरकारले 'भ्रष्टाचार पनि गर्दिनँ, भ्रष्टाचारीको अनुहार पनि हेर्दिनँ' भनेका थिए । तर व्यवहारमा त्यो लागू हुन सकेन । सरकारका काम कारबाहीले प्रधानमन्त्रीको त्यो भनाइलाई गिज्याइरहे जस्तो लाग्थ्यो । नागरिकको आक्रोशको ग्राफ बढिरहेका बेला त्यसैलाई मलजल हुने गरी सरकारले गरेको केही सामाजिक सञ्जाल बन्द निर्णयले युवा पुस्तालाई सडकमा ल्यायो । त्यसको परिणाम प्रधानमन्त्रीसहित उच्च पदस्थहरू हेलिकप्टर चढेर भाग्नु पर्‍यो ।

आन्दोलनको राप र तापमा सत्ता र शक्तिबाट विस्थापित जस्तै भएका राजनीतिक दलहरू विस्तारै लयमा फर्किन थालेका छन् । पूर्व प्रधानन्यायाधीश सुशीला कार्कीले नेतृत्व गरेको अन्तरिम सरकार चुनावको तयारिमा लागे पनि पनि दलहरू भने निर्वाचनप्रति अझै विश्वस्त भइसकेका छैनन् । खासगरी एमाले चुनाव भइहाले भाग लिने तर आफ्नो माग संसद पुनर्स्थापना हो भन्ने लाइनमा एमाले उभियो । एमाले र नेपाली कांग्रेसलाई चुनावसँगै महाधिवेशनको रन्को लागेको छ । यी दलहरू चुनावकेन्द्रित मात्र होइन आफूभित्र पनि कार्यकर्ताबाट अनुमोदित भएर जनताको बीचमा जान खोजेको देखिन्छ । यसले दलहरूभित्र पनि सच्चिनु पर्ने अनुभूति भएको हुन सक्छ ।

दलमा होइन स्वतन्त्र रूपमा लाग्नुपर्छ भन्ने जनमत पनि विस्तारै राजनीतिक दलमा आबद्ध हुन खोजेका छन् । त्यसकै परिणाम स्वतन्त्र रूपमा मेयरको चुनाव जितेका हर्क साम्पाङले श्रम संस्कृति पार्टी गठन गरेका हुन् । दलमा लागेकाहरू झोले हुन् भन्ने भाष्य निर्माण गर्नेहरू राजनीतिक पार्टी निर्माणमा लाग्नु दलीय व्यवस्थालाई थप बलियो र मजबुत बनाउने कदम हो । दल निर्माणसँगै दल भित्रको लोकतान्त्रीककरणको प्रश्न आज पनि पेचिलो रूपमा उठ्ने गरेको छ । खासगरी पटक पटक नेतृत्वमा गएका दलका नेताहरूले नै नेतृत्वमा आउने विषयले नागरिकमा उत्साहभन्दा नैराश्यता बढिरहेको छ । नागरिकले राजनीतिक दलहरूमा होस् या राजकीय पदमा होस् नयाँ अनुहार खोजेका छन् । सामान्य कामका लागि भनसुनको अवस्था अन्त्य खोजेका छन् । चिनजानका आधारमा हुने सरकारी कामदेखि वाक्क छन् नागरिक । सरकारी कार्यालयहरूमा जाँदा भोग्ने समस्याले नेता र नेतृत्वप्रति आक्रोशित छन् ।

कुनै पनि संरचनाले स्वतन्त्रतापूर्वक काम गरेको आभास नागरिकमा छैन । जुन कार्यालयमा काम गर्‍यो, त्यही कार्यालयको प्रमुखलाई आफ्ना कुरा भन्न पनि दलका नेता गुहार्न पर्दा निजामती कर्मचारीमा पनि कामप्रतिको उत्साह छैन । त्यो प्रहरी, सशस्त्र प्रहरीमा पनि छैन । नियमले हुने तालिम, अवसर र सरुवा बढुवामा पनि निकटका उच्च पदस्थ तथा दलका नेतालाई नभनी काम हुँदैन । त्यो अवस्थाले र कार्यशैलीले गर्दा पुराना दलप्रति नागरिकले प्रश्न उठाएका छन् । आज नियमले काम हुने अवस्था किन सिर्जना हुँदैन, नागरिकको अहम् प्रश्न छ । अनि पुराना नियमले काम हुन सकेन भन्ने हो भने एक दशकसम्म किन सहज सुविधा प्रदान हुने नियम बनाइएन दलहरूमा? अहिले यो प्रश्न हो । २०७२ सालमा संविधान जारी भएपछिको एक दशकमा प्रधानमन्त्रीको रूपमा आधा भन्दा धेरै कार्यकाल (६४ महिना) केपी शर्मा ओली रहे । शेरबहादुर देउवा र पुष्पकमल दाहाल यो अवधिमा पटक पटक प्रधानमन्त्री बने । संविधान जारी भएपछि मुलुकमा नागरिक सेवा सहज र सरल हुने अपेक्षा गरिएकै थियो । तर यस बीचमा कांग्रेस, एमाले, माओवादी दलहरूको सिन्डिकेटले नागरिकमा उत्साह भन्दा पनि निराशा बढिरह्यो ।

राजनीतिक दलहरूले देशीविदेशी तत्वको हवाला दिँदै नागरिकका लागि हुने काम पनि हुन नसकेको भन्दै टालटुल गर्न खोजिरहे । तर त्यसलाई 'डेलिभरी' दिने गरी काम थाल्नुपर्नेमा दोषारोपणमा समय खर्चेको यथार्थलाई स्वीकार गरेको देखिँदैन । तीन तहको सरकार निर्माण पछि पनि दलीय सिन्डिकेटको अवस्था हेर्दा लाग्छ, स्वतन्त्र नागरिकका लागि कुनै स्पेस नै छैन । त्यसले राजनीतिक र प्रशासनिक नेतृत्वप्रति वितृष्णा जन्माउने काम गरेको छ ।

*(साभार: अनलाइनखबर)*




# लुम्बिनी लायन्सको च्याम्पियन यात्रा




काठमाडौं/२७ दिन, ३२ खेल र लुम्बिनी लायन्स नयाँ च्याम्पियन । लिगको सुरुवात देखि फाइनलसम्म उतारचढावपूर्ण यात्रापछि लुम्बिनी लायन्स सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपीएल) को नयाँ च्याम्पियन बनाएर सम्पन्न भएको छ । कीर्तिपुरस्थित टीयू अन्तर्राष्ट्रिय स्टेडियममा फ्लडलाइट मूनि पहिलो पटक भएको एनपीएलमा फाइनल खेल डे-नाइट भएको थियो । फाइनलमा लुम्बिनीले साविक उपविजेता समेत रहेको सुदूर पश्चिममाथि ६ विकेटको एकपक्षिय जित निकाल्दै उपाधि जितेको हो ।

सुदूरपश्चिमलाई ८५ र नमै अलआउट गरेको लुम्बिनीले ८६ रनको लक्ष्य ९ ओभर खेल्दै पूरा गर्‍यो । यस क्रममा लुम्बिनीले ४ विकेट गुमाएको थियो । लिग चरणमा चौथो भएको लुम्बिनीले एनपीएलको च्याम्पियन बन्ने क्रममा सबैभन्दा धेरै १० खेल खेल्यो अनि त्यसमा सुदूरपश्चिमसँगै समान ७ खेलमा जित हात पार्‍यो । लुम्बिनी च्याम्पियन टिम बन्यो । सुदूरपश्चिम फेरि लगातार दोस्रो पटक उपविजेतामै सीमित भयो ।

लुम्बिनीलाई च्याम्पियन बनाएपछि कप्तान रोहित पौडेलले सपना पूरा भएको जस्तै बताए । 'ड्रि कम ट्रयु जस्तो अनुभव भइर ाछ । जुन अवस्थामा हामी थियौं ४ गेम पछि १ जित र ३ हार थियो । त्यहाँबाट यहाँसम्म पुग्न भनेको ठूलो अचिभमेन्ट जस्तो लाग्छ र एनपीएल जित्नु लुम्बिनी लायन्सको लागि ठूलो उपलब्धि हो र टिमवर्कको नतिजा हो' रोहितले पोष्ट म्याच कन्फेरेन्समा भने ।

### अन्तिम देखि च्याम्पियनसम्मको यात्रा

पहिलो सिजन लुम्बिनी लायन्स अन्तिम स्थानमा रहेको थियो । रोहित पौडेलको कप्तानीको लुम्बिनीले लिग चरणमा जम्मा १ खेल मात्र जित्दै २ अंक जोडेको थियो । पहिलो सिजन पूछारमा रहेको लुम्बिनीले दोस्रो सिजन 'रोलरकोस्टर जर्नी' तय गर्दै च्याम्पियन सम्मको यात्रा तय गर्‍यो ।

यस क्रममा लुम्बिनीले पहिलो खेलमै चितवन राइनोजलाई पराजित गर्दै सानदार सुरुवात गरेको थियो । तर त्यसपछि लगातार तीन खेलमा पराजित हुँदा लुम्बिनी लिग चरणबाटै बाहिरिने खतरामा पुगेको थियो । कर्णाली याक्सविरुद्ध एकपक्षीय हारपछि लुम्बिनीले सुदूरपश्चिम र काठमान्डु गोर्खाज विरुद्धको खेल गुमाएको थियो । लगातार तीन खेल हार्दा खराब लयमा देखिएको लुम्बिनीका लागि लयमा फर्कनु नै चुनौतीपूर्ण थियो ।

तर पोखरा एभेन्जर्सलाई हराएर दोस्रो जित हात पारेपछि लुम्बिनीले फेरि जितको लय लियो । त्यसपछि भने लुम्बिनीले च्याम्पियन बन्दासम्म खेलेका कुनै पनि खेल गुमाएन । लुम्बिनीले यस्तो गज्जबको पुनरागमन गर्‍यो कि त्यसपछि खेलेका सबै ६ खेल जित्यो । यस क्रममा लुम्बिनीले लिगमा पोखरा एभेन्जर्स, विराटनगर किंग्स र साविक विजेता जनकपुर बोल्ट्सलाई हराएर लिग चरणमा चौथो भएर प्लेअफमा छनोट भयो ।

सुदूरपश्चिम रोएल्स, काठमान्डु गोर्खाज र विराटनगर किंगसपछि प्लेअफमा छनोट हुने लुम्बिनी चौथो टोली बनेको थियो । लिगमा चौथो भएर प्लेअफ पुगेको लुम्बिनीका लागि फाइनलसम्म पुग्दै उपाधि जित्नु सामान्य कुरा थिएन । त्यसमा पनि लुम्बिनीले प्लेअफमा सबैभन्दा धेरै ३ खेल खेल्नुपर्‍यो । लिगमा शीर्ष स्थानमा रहँदै पहिलो क्वालिफायर जितेर सिधै फाइनल पुगेको सुदूरपश्चिम भन्दा लुम्बिनीले धेरै खेल खेल्नुपर्ने र लगातार खेल्नुपरेको थियो ।

तर पहिलो सिजनमा फाइनल पुगेर पनि उपाधि फेभरेट भएर पराजित भएको सुदूर पश्चिमसामु दोस्रो सिजन फाइनल पुगेर उपाधि जित्ने एक खालको दबाब थियो । लुम्बिनी भने पहिलो पटक फाइनल पुगेकोले सुदूरपश्चिम जस्तो दबाब थिएन। उनीहरुलाई हार्नु केही थिएन र फाइनलमा अन्डरडग टिम जस्तो थियो । त्यसैले पनि लुम्बिनीले प्लेअफमा बिना दबाब खेल्दै तीन टिमलाई लगातार पराजित गरेर च्याम्पियन बन्यो ।

### फाइनलमा लुम्बिनीको जबरजस्त बलिङ

यस पटक लुम्बिनीको ब्याटिङ भन्दा बलिङ गज्जबले चल्यो । अझ पछिल्ला खेलहरुमा त लुम्बिनीको बलिङ कन्सिस्टेन्सी गज्जबको थियो । विपक्षीलाई स्कोरमा रोक्दा होस या आफ्नो स्कोर डिफेण्ड गर्दै विपक्षीलाई अलआउट गर्न लुम्बिनीका बलर हरुले गज्जबको प्रदर्शन गरे ।

प्लेअफको तीन खेलमा त लुम्बिनीले विपक्षी टिमका ब्याटरहरुलाई खुलेर खेल्न समेत दिएनन् । तीनै खेलमा लुम्बिनीले विपक्षीलाई अलआउट गरेको छ । एलिमिनेटरमा काठमान्डुलाई लुम्बिनीले १११ रनमा अलआउट गरेको थियो । त्यसपछि लुम्बिनीले क्वालिफायर टु मा बलियो ब्याटिङ लाइनअप भएको विराटनगरलाई ९४ रनमै अलआउट गरिदियो । यस खेलमा लुम्बिनीले १३४ रन स्कोर डिफेण्ड गरेको थियो ।

फाइनलमा पनि लुम्बिनीको उत्कृष्ट बलिङले निरन्तरता पायो । कप्तान रोहित पौडेलको ह्याट्रिक विकेट अनि रुबेन ट्रम्पलम्यान र शेर मल्लको घातक बलिङमा सुदूर पश्चिम ८५ रनमै अलआउट भयो । ट्रम्पलम्यान र शेर मिलेर सुदूरको टप अर्डर ध्वस्त पारिसकेका थिए ।

सुदूरपश्चिमजस्तो टिमलाई ८५ रनमा रोक्न सोचेभन्दा राम्रो बलिङ भएको रोहितले बताए । रोहितले पार्ट टाइम बलिङ गर्दै विकेट लिइरहेका थिए । फाइनलमा भने उनले लगातार तीन विकेट लिँदै ह्याट्रिक पूरा गर्दा सुदूरको ब्याटिङ लाइन धरासयी नै बन्यो । जसको नतिजा सुदूरपश्चिम ५ बल अघि नै ८५ रनमा अलआउट भयो ।

'एक्जुकेट त्यो भन्दा बढी राम्रो भाको हो । सुदूरपश्चिम ८५ रनमा अलआउट गर्छौं भन्ने थिएन । १४०-१५० मा रोक्यौं भने सहज हुन्छ भन्ने थियो । तर जुन हिसावले शेर र रुबेनले बलिङ गर्‍यो । मैले पनि गरैं । आज सबै कुरा राम्रो भयो जस्तो लाग्छ' रोहितले भने ।

यस्तै ह्याट्रिक लिने कुरा आफूले सपनामा पनि सोच्न नसकेको र दबाबले गर्दा विपक्षीको विकेट गएको हुन सक्ने रोहितले बताए । 'सोचेको थिएन ह्याट्रिक हुन्छ भनेर । ड्रिममा पनि सोच्न सक्दिन ह्याट्रिक हुन्छ भनेर । आज मेरो दिन राम्रो छ जस्तो लाग्यो,' रोहितले हाँसोसहित भने, 'टुर्नामेन्ट राम्रो भयो । विदेशी खेलाडीले राम्रो खेले । रुबेन, जेजेले राम्रो गर्‍यो । डिकवेलाले राम्रो गरिराछ । शेर अभिशेष तिलक सबैले राम्रो खेले । जोरा अनि दिलिप दाई । सबैले राम्रो खेले ।'

सुदूरपश्चिमले बनाएको ८५ रन एनपीएलको संयुक्त रुपमा चौथो कम स्कोर हो भने एनपीएल फाइनलको कम योगफल हो । सुदूरपश्चिमका मुख्य प्रशिक्षक जगत टमाटाले पनि आफ आफूहरुको दिन नभएको बताए । 'आज हामीले राम्रो खेल्न सकेनौं । हामरो ब्याड डे थियो । विपक्षी टिमले राम्रो खेल्यो । बलरहरुले राम्रो गरे ।' टमाटाले पोष्ट म्याच कन्फेरेन्समा भने । 'हामीले १४०-१५० को लक्ष्य बनाएर आएका थियौं तर त्यो पूरा भएन ।'

रोहितले ११औं ओभरको अन्तिम तीन बलमा सुदूरका कप्तान दीपेन्द्र सिंह ऐरी, दिपक बोहरा र पुनित मेहरालाई लगातार आउट गर्दै ह्याट्रिक विकेट लिएका थिए ।

उनले ४ ओभर स्पेलमा जम्मा १२ रन खर्चिए । रुबेन ट्रम्पलम्यानले २.१ ओभरमा ३ रन मात्र खर्चेर ३ विकेट लिए । यस्तै शेर मल्ले ४ ओभरमा १८ रन खर्चेर ३ विकेट लिए ।

सुदूरपश्चिमका लागि ओपनिङ गरेका इशान पाण्डेले सर्वाधिक ३३ रन बनाए । उनले एक छेउबाट विकेट जाँदा अर्को छेउ सम्हाल्दै इनिङ्स बिल्ड गरेका थिए । चौथो विकेटका लागि कप्तान दीपेन्द्रसँग इशानले गरेको २५ र नको साझेदारी नै सबैभन्दा ठूलो साझेदारी बन्यो । इशानबाहेक कप्तान दीपेन्द्रले १३ तथा हर्मित सिंह र स्कट कुगेलेइनले समान १० रन जोडे । अन्यले दोहोरो अंकमा रन जोड्न सकेनन् ।

८६ रनको सामान्य लक्ष्य पछ्याउँदै लुम्बिनीका ओपनर दिनेश अधिकारीले विष्फोटक ब्याटिङ नै गरे । पहिलो ओभरमै सुदूरका कप्तान दीपेन्द्र सिंह ऐरीलाई दिनेशले ४ छक्का प्रहार गरेपछि लुम्बिनीले २७ रन जोडेको थियो । त्यसबाटै लुम्बिनी जित नजिक पुगेको थियो ।

दिनेशले १३ बल मात्र खेल्दै १ चौका र ५ छक्का मदतमा ४२ रन बनाए । दिनेशले पहिलो विकेटका लागि डार्शी सर्टसँग ४ ओभरमै ५८ रनको साझेदारी गरेर जितको आधार तयार गरिसकेका थिए । तर सुदूरका हेमन्त धामीले पाँचौ ओभरमा डार्सी शर्ट र दिनेश दुवैलाई आउट गरेपछि लुम्बिनीले केही मिहिनेत गर्नुपरेको थियो । शर्टले १४ बलमा १३ रन बनाए ।

रोहितले निरोशन डिकवेलालाई वान डाउनमा पठाएर आफू चौथो नम्बरमा ब्याटिङ गरे । रोहितले १२ बलमा २ चौका र १ छक्कासिहत १६ रन जोडे । गेम फिनिस गर्ने धुनमा रोहित अविनाश बोहराको बलमा दीपेन्द्र सिंह ऐरीबाट क्याचआउट भए । त्यसपछि आएका सन्दिप जोरा खाता नखोली आउट भए । डिकवेलाले १२ बलमा अवजित ११ रन जोडे । दिलिप नाथले एक बल खेल्दै विजयी रन जोडे ।

### लुम्बिनीले खेलेको १० खेलको नतिजा

चितवन राइनोज विरुद्ध ६ विकेटले विजयी
कर्णाली याक्स विरुद्ध ९ विकेटले पराजित
काठमान्डु गोर्खाज विरुद्ध २२ रनले पराजित
सुदूरपश्चिम रोएल्स विरुद्ध ७ विकेटले पराजित
पोखरा एभेन्जर्स विरुद्ध ३ विकेटले विजयी
विराटनगर किंग्स विरुद्ध ५ विकेटले विजयी
जनकपुर बोल्ट्स विरुद्ध ४ विकेटले विजयी

**एलिमिनेटर**

काठमान्ड् गोर्खाज विरुद्ध ४ विकेटले विजयी

**क्वालिफायर २**

विराटनगर किंग्स विरुद्ध ४० रनले विजयी

**फाइनल**

सुदूरपश्चिम रोएल्स विरुद्ध ६ विकेटले विजयी

### रोहितलाई कारदेखि बाइकसम्म पुरस्कार

च्याम्पियन लुम्बिनी टिमले व्यक्तिगत पुरस्कारमा पनि वर्चस्व जमायो । प्रतियोगिता सर्वोत्कृष्ट नेपाली देखि विदेशी खेलाडीसम्मको अवार्ड लुम्बिनीका खेलाडीले पाए । त्यसका कप्तान रोहित नै अघि रहे । ब्याटिङमा २७६ रन बनाउनुका साथै बलिङमा १० विकेट पनि लिएका रोहित उत्कृष्ट नेपाली खेलाडी बन्दे जेइको जे फाइभ कार जित्न सफल भए । यस्तै उनी बेस्ट ब्याटर समेत घोषित भए । उनले पल्सर मोटर बाइक पुरस्कार पनि जिते ।

रोहित सर्वाधिक रन बनाउनेमा दोस्रो स्थानमा रहँदै नेपाली खेलाडी मध्ये धेरै रन बनाउने खेलाडीको सूचीमा अघि रहे । रोहितले कार र बाइक पाएपछि आफ्नो बुबा आमा परि वारलाई कारमा राखेर घुमाएका थिए । आफ्नो लागि आज सपना पूरा भएको क्षण भएको उनले सुनाए । 'च्याम्पियन भयौं । कार र बाइक पनि पाएँ । परिवारलाई साथ राखेर घुमाएँ । यो खुशीको क्षण थियो' उनले भने ।

यसैगरी लुम्बिनीका नामिबियन बलर रुबेन ट्रम्पलम्यान प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी घोषित भए । उनले नगद ५ लाखको चेक पाए । फाइनलमा पनि उनी 'प्लेअर अफ दि म्याच' घोषित भएका थिए । उनले लुम्बिनीका लागि १० खेल खेल्दा १५ विकेट लिए । उनी सर्वाधिक विकेट लिनेमा चौथो स्थानमा थिए भने ब्याटिङमा ६५ रन बनाए ।

यस्तै लुम्बिनीकै शेर मल्ल इमर्जिङ प्लेअर घोषित हुँदै पल्सर मोटरबाइक प्राप्त गरे । उनले विराटनगर किंग्सका कप्तान सन्दीप लामिछाने र सुदूरपश्चिमका अविनाश बोहरासँगै संयुक्त रुपमा सर्वाधिक १७ विकेट लिएका थिए ।

सन्दीप बेस्ट बलर घोषित हुँदै पल्सर मोटरबाइक जित्न सफल भए । अविनाश बोहराले भने इनर्जेटिक प्लेअर घोषित हुँदै नगद २ लाखको चेक पाए ।

*(स्रोत:अनलाइनखबर)*

# फाइनलमा फेरि चुक्यो सुदूरपश्चिम

काठमाडौं/भनिन्छ नि, कुनैपनि प्रतियोगितामा लगातार खेल जित्नुभन्दा नि महत्वपूर्ण एक खेल जित्नु हुन्छ, जसलाई फाइनल भनिन्छ । लिग चरण वा समूह चरणमा जति नै उत्कृष्ट प्रदर्शन गरेपनि फाइनलमा त्यही प्रदर्शन गर्न नसकेमा बाँकी खेलका नतिजा अर्थपूर्ण नै मानिँदैन । सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटको दोस्रो संस्करणमा पनि त्यस्तै भइदियो, त्यो पनि पहिलो संस्करणकै फाइनल सरह । लगातार दोस्रोपटक फाइनल पुगेको सुदूरपश्चिम रोयल्सले फेरि पहिलेकै नियति भोग्यो, लिग चरणमा लगातार ६ खेल जितेर पहिलो क्वालिफायर पनि जितेको सुदूर फाइनलमा चुक्यो, त्यो पनि दोस्रोपटक ।

यसपटकको उपाधि 'अन्डरडग्स' का रूपमा रहेको लुम्बिनी लायन्सले जित्यो । लिग चरणमा चौथो भएर इलिमिनेटर अनि दोस्रो क्रुवालिफायर लगातार जितेको लुम्बिनीले फाइनलमा प्रतियोगिताकै उत्कृष्ट लयमा देखिएको टोलीमाथि एकपक्षीय जित निकाल्यो । गत संस्करण हाइ स्कोरिङ फाइनलमा पराजित भएको सुदूरपश्चिम यसपटक लो-स्कोरिङ खेलमा पराजित हुन पुग्यो । पहिले ब्याटिङ गरेर १०० रन नै कटाउन नसकेको सुदूरपश्चिमले पहिलो इनिङमै खेल अनि उपाधि सम्भावना लगभग गुमाइसकेको थियो ।

दुई संस्करणमा भएका दुई खेलमा बेहोरेको हारको बदला समेत लिँदै लुम्बिनीले सुदूरपश्चिमलाई लगातार उपाधिबाट लगातार दोस्रोपटक वञ्चित गरायो । खेलमा टस जितेर पहिले ब्याटिङ रोजेको सुदूरपश्चिमले राम्रो योगफल बनाउने धेरैको अनुमान थियो, जुन् गलत साबित भइदियो । सुदूरपश्चिम ८५ रनमै अलआउट भयो । लुम्बिनीले उक्त लक्ष्य पूरा गर्न धेरै समय पनि लगाएन, ९ ओभरमा लक्ष्य पूरा गर्‍यो । यहाँनेर सुदूरपश्चिम पूर्णरूपमा एउटै पक्षमा चुक्यो, त्यो थियो ब्याटिङ । लुम्बिनीले शानदार बलिङको लय कायमै राख्दा सुदूरले ब्याटिङमा इतिहासकै खराब प्रदर्शन गर्‍यो र फेरि पनि उपाधिबाट वञ्चित भयो ।

फाइनल खेलपछि मुख्य प्रशिक्षक जगत टमाटाले पनि त्यही भने । 'फाइनलमा हाम्रो दिन रहेन, लुम्बिनीले धेरै राम्रो खेल्यो । हामी ब्याटिङमा चुकेको हो' टमाटाले भने, 'उनीहरूले बलरलाई धेरै राम्रोसँग प्रयोग पनि गरे, राम्रो खेलेका छन् । बधाइ छ लुम्बिनीलाई।'

### टसको फाइदा उठाउन सकेन

सुदुरपश्चिम रोयल्सले आजको फाइनल खेलमा टस जितेर पहिले ब्याटिङ गर्ने निर्णय गरेको थियो । पिच हेर्दा रन बन्ने खालको नै देखिएको थियो । धेरैको अनुमान थियो सुदूरले राम्रो योगफल बनाउँछ अनि खेल अन्तिम ओभरसम्मै गएर रोमाञ्चक हुनेछ भनेर, तर त्यस्तो भइदिएन । सुदूरले राम्रो योगफल बनाउनै सकेन । ८५ रन मात्र बोर्डमा हुनु भनेको जित्नका लागि बलिङमा ठूलै चमत्कार हुनुपर्छ र सुदूरसँग राम्रो बलिङ त थियो, तर ८५ रन डिफेन्ड गर्न पर्याप्त भने थिएन नै । यहाँनेर सुदूर टसमै पनि चुकेको आकलन गर्न सकिन्छ । गत संस्करण १८४ रनको योगफल बनाउँदा पनि डिफेन्ड गर्न नसकेको सुदूरले यसपटक त्योभन्दा १०० रन कम बनाएको थियो ।

टस जितेपछि कप्तानले लिने निर्णय अनुसार प्रदर्शन पनि हुनुपर्छ त्यसो हुन सकेन । यस संस्करण जितेका ७ खेलमध्ये ५ खेल पहिले ब्याटिङ गरेर नै जितेको सुदूरले फाइनलमा सोही अपेक्षा राखेपनि पूरा गर्न सकेन । अर्कोतर्फ टस जितेर बलिङ रोजेको अवस्थामा सुदूरले लुम्बिनीलाई मध्यम योगफलसम्म रोकेर रन चेज गर्न सक्ने अवस्था बन्न सक्थ्यो । ब्याटिङ गरेको अवस्थामा साँझमा डिउ पनि आउने भएकाले डिफेन्ड गर्नुभन्दा चेज गर्नु नै उपयुक्त हुन सक्थ्यो । सुदूरले टस जितेर त्यसको राम्रो फाइदा उठाउन नसक्नु नै घातक साबित भयो ।

### खराब ब्याटिङ प्रदर्शन

यो संस्करण ब्याटिङ, बलिङ र फिल्डिङ तीनवटै पक्षमा अब्बल देखिएको सुदूरपश्चिमले फाइनलमा भने राम्रो ब्याटिङ गर्न सकेन । ब्याटरहरू सम्हालिएर खेल्न नसक्नु सुदूरपश्चिमको हारको मुख्य कारण बन्यो । ब्याटरले गलत शटहरू खेलेर विकेट गुमाइरहेका थिए । टोलीका लागि सर्वाधिक रन बनाएर विनोद भण्डारी आज खाता नै नखोली आउट भए । उनले स्वीप शट खेल्ने क्रममा स्कूप पनि मिसाउन खोज्दा बल क्याचका लागि गएको थियो । त्यसपछि शेल्डन ज्याक्सन पनि १ रनमै आउट भएपछि सुदूरपश्चिम दबाबमा आएको थियो । पाँचौं ओभरमा आरिफ शेख पनि स्वीप खेल्ने धुनमा ६ रनमा आउट भएपछि सुदूर पावरप्लेमै ३ विकेट गुमाएर संकटमा थियो ।

# तामाङ सेलो 'वाला वाला ग्राम्बा' को रिमेक सार्वजनिक




साझाकुरा संवाददाता

हेटौंडा, २७ मंसिर/ तामाङ सेलो 'वाला वाला ग्राम्बा' गीतको रिमेक भर्सन शुक्रबार सार्वजनिक भएको छ । बुद्धलिङ मिडिया प्रोडक्सनद्वारा निर्मित आधिकारिक म्यूजिक भिडियो युट्युबमा प्रिमियर भएको ६ घण्टामै ३ हजारभन्दा बढी दर्शकले हेरेका छन् ।

चन्द्रकुमार डोङको एल्बममा समावेश मूल गीतलाई यसपटक आधुनिक रुप दिने प्रयास गरिएको छ । गीतमा प्रकाश तामाङतितुङ, युद्ध लामा, विक्रम लुङ्बा र सुमिना लोको स्वर समावेश छ । मूलगीतका गीत-संगीतकार चन्द्रकुमार दोङकै शब्द संगीतलाई कर्साङ लामाले पुन: एरेन्ज गरेका छन् । फ्याफुल्ला नेपाल स्टुडियोमा रेकर्ड गरिएको यो गीतको मिक्सिङ र मास्टरिङ सानुबाबु घिसिङले गरेका हुन् । यस्तै भिडियोतर्फ, आकांक्षा तामाङ, प्रकाश तामाङ तितुङ, युद्ध लामा र विक्रम लुङ्बाको अभिनय देख्न सकिन्छ ।

भिडियोको छायांकन दुर्गा श्रेष्ठले गरेका हुन् । पोस्ट प्रोडक्सन जल राप्ती म्युजिक प्रालिले गरेको छ भने एडिट, कलर ग्रेडिङ र पोस्टर डिजाइन अनिल बिष्ट प्युर हानिले गरेका छन् । भिडियोलाई युद्ध लामाले कोरियोग्राफी तथा निर्देशन गरेका हुन् । भिडियोमा विशेष योगदान पुर्‍याउनेमध्ये कुइसाङ रुम्बा, साबिना श्रेष्ठ, सुमन घले, आश्मान लोप्चन, लक्ष्मी स्याङ्तान, राजकिङ वाईबा, होटल ग्रेटवाल सैलुङ, मनबहादुर केसी, मनगाउँ सैलुङ र सेवा फिल्म्स (बाबु जिम्बा) लाई धन्यवाद दिइएको छ ।

रिमेक भर्सनले परम्परागत तामाङ सेलोको स्वादलाई आधुनिक प्रस्तुतीकरणमा जोडेर नयाँ पुस्तालाई आकर्षित गर्ने उद्देश्य राखिएको छ । भिडियो सार्वजनिक भएपछि दर्शकले सामाजिक सञ्जालमा गीतको एरेञ्जमेन्ट, निर्देशन र कलाकारको प्रदर्शनको प्रशंसा गरिरहेका छन् ।

# हजारौं दर्शकमाझ धनगढीमा गुञ्जियो 'प्रमोद एण्ड परम्परा'



काठमाडौं/गायक प्रमोद खरेल र उनको ब्याण्ड 'प्रमोद एण्ड परम्परा' धनगढी बजारमा हजारौं दर्शकमाझ गुञ्जिएको छ । त्यहाँ आयोजना भैरहेको सुदुरपश्चिम महोत्सवमा ब्याण्डले शुक्रबार बेलुका भब्य प्रस्तुति दियो । धनगढी उद्योग वाणिज्य संघद्वारा आयोजित महोत्सवमा ब्याण्डलाई सुन्न १८ हजार भन्दा धेरै दर्शक सहभागी रहेको जनाइएको छ ।

बेलुका ६ बजे नै महोत्सव सकिने भएपनि दर्शकले चिसोको पर्वाह नगरि बेलुका सवा ७ बजेसम्म 'प्रमोद एण्ड परम्परा' लाई धैयपूर्वक सुने र संगीतमा झुमे । 'दर्शक सवा ७ सम्म बसिदिनुभयो । खुसी लाग्यो' खरेलले स्.चारकर्मीसँग भने, 'ब्याण्डलाई एकदमै माया र साथ दिनुभयो ।' उनका अनुसार वर्षौंदेखि महोत्सव आयोजना भैरहेपनि, कुनै ब्याण्डले प्रस्तुति दिएको भने यो पहिलो अवसर हो ।

अस्वस्थताको बाबजुद प्रस्तुति दिन प्रमोद पश्चिम नेपालको एक मुख्य सहरमा पुगेका थिए । उनको स्वास्थ्य स्थिती प्रतिकूल बनेपछि हालै सुनवलको कन्सर्ट रोकिएको थियो । 'अस्वस्थ हुँदाहुँदै पनि मैले कसरी गाउँछु होला भन्ने भैरहेको थियो, घाँटी एकदमै बसेको थियो । दर्शकको साथ हुटिङ यस्तो थियो कि मलाई कठिनाइ हुँदाहुँदै पनि मैले कन्सर्ट सकें' उनी सुनिए, '२ घण्टा लगातार गाइरहें । दर्शकले धेरै साथ दिनुभयो ।'

त्यहाँको महोत्सवमा पहिलोपटक कुनै ब्याण्डले प्रस्तुति दिन लागेको भन्ने कुरा सुनाउँदा आफूहरू सुरुदेखि नै उत्साहित रहेको प्रमोदले बताए । यसबाहेक, ब्याण्ड नयाँ गीत रिलिजको तयारीमा छ । हालै रेकर्ड भएको गीतलाई अर्को साता सार्वजनिक गर्ने तयारी छ ।

नयाँ गीतबारे प्रमोदले भने, 'सलल कर्णाली बोलको गीत चाहिँ अलिकति फरक छ । प्रतीक्षा गर्नुहोला । कर्णालीको धेरै कुरा हामीले समेट्ने प्रयास गरेका छौं ।'

यसबाहेक, ब्याण्डले अमेरिका र अस्ट्रेलियामा अन्तर्राष्ट्रिय टूर गर्ने तयारी गरिरहेको छ । जेनजी आन्दोलनको कारण ब्याण्डको अस्ट्रेलिया टूर बीचमै रोकिएको थियो । त्यसलाई निरन्तरता दिने तयारी छ ।

ब्याण्डको लिड भोकलिस्टमा प्रमोद स्वयम छन् । लिड गिटारिस्टमा देवाशिष तामाङ, बेस गिटारमा कुशल थापा, किबोर्डमा राहुल भुजेल, ड्रममा भुपेन रसाइली, मादल जेपी जोशी र बाँसुरीमा संजीव मैनाली छन् ।

*(स्रोत: अनलाइनखबर)*

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस **ब्लु हेवन टेलर्स** कान्तिराजपथस्थित **शाक्य प्लाजा** भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# पहिलोपटक राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको नियमावली पारित

साझाकुरा संवाददाता

हेटौंडा, २७ मंसिर/ मकवानपुरको बागमती गाउँपालिकामा पहिलोपटक राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको नियमावली पारित भएको छ ।

गाउँपालिकाको स्थानीय तहस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिले विद्यालयस्तरको खेलकुद संरचनालाई संस्थागत र दिगोरुपमा सुदृढ गर्न लक्षित राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, २०८२ का लागि प्रतियोगिता सञ्चालन, व्यवस्थापन तथा सहभागितासम्बन्धी नियमावली पहिलोपटक सर्वसम्मतिले पारित गरेको हो ।

आयोजक समितिका संयोजक रहरसिंह थिङको अध्यक्षतामा बसेको बैठकमा गाउँपालिका अध्यक्ष सर्केश घलान, प्रमुख प्रशासकीय अधिकृत ओमबहादुर दर्जी, सामाजिक विकास संयोजक कमानसिंह पाख्रिन, खेलकुद विकास समितिका पदाधिकारीहरु, विद्यालयका प्रधानाध्यापक, खेलकुद शिक्षक, प्रशिक्षक तथा सरोकार वालाको सक्रिय सहभागिता रहेको थियो ।



बैठकले पुस ११, १२ र १३ गते आयोजना हुने प्रतियोगिताका लागि सम्पूर्ण संरचना, व्यवस्थापन र नियमावलीलाई औपचारिकता दिएको छ । गाउँपालिका अध्यक्ष घलानले नियमावली पारित हुनु बागमती गाउँपालिकाको खेलकुद संरचना सुदृढीकरणतर्फको महत्वपूर्ण मोड रहेको बताउँदै विद्यालयस्तरमै खेल संरचना मजबुत बनाउने दीर्घकालीन दृष्टिकोणलाई यसले संस्थागत आधार प्रदान गरेको उल्लेख गरे । यसले स्थानीय खेल प्रतिभाको पहिचान, विकास र राष्ट्रिय तहसम्मको पहुँच विस्तार गर्न प्रभावकारी भूमिका खेल्ने उनले विश्वास व्यक्त गरे ।

राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका २०७० (पाँचौं संशोधन) मा आधारित नियमावली तयार गरिएको छ । प्रतियोगितासँग सम्बन्धित विषयलाई थप स्पष्ट र निर्देशिकामा नसमेटिएका तर, आवश्यक नियमलाई समावेश गरी नियमावली तयारी गरिएको संयोजक थिङले जानकारी दिए । विद्यालयको अनुरोधअनुसार सहभागिता दर्ताका लागि जारी गरिएको २१ दिने समयसीमा अतिरिक्त ३ दिन थप गर्दै मंसिर २९ गतेसम्म फाराम बुझाउने अन्तिम मिति निर्धारित गरिएको छ । आयोजकका अनुसार, यस निर्णयले विद्यालयलाई सहजतापूर्वक खेलाडी दर्ता गर्न सहयोग पुग्नेछ ।

पारित नियमावलीले प्रतियोगितामा समावेश हुने खेल, इभेन्ट संरचना, खेलाडी दर्ता प्रक्रिया, पहिचान सत्यापन प्रणाली, अनुशासन, स्वास्थ्य सुरक्षादेखि उजुरी प्रक्रियासम्मका सबै प्रावधानलाई विस्तृत र स्पष्ट ढंगले परिभाषित गरेको छ । भलिबल, कवड्डी, एथलेटिक्स, कराँते, तेक्वान्दो, उसु र फुटबल (ऐच्छिक खेल) गरी दर्जनौं प्रतिस्पर्धात्मक इभेन्ट समावेश गरिएको छ । खेलाडीको पहिचानका लागि जन्मदर्ता वा नागरिकता अनिवार्य गरिएको छ भने गलत विवरण, उमेर जालसाजी वा कागजपत्र मिलावट हुने विद्यालयमाथि कडा कारबाहीको व्यवस्था गरिएको छ ।

पारित नियमावलीसँगै बागमती गाउँपालिकाले राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई पहिलोपटक पूर्णरुपमा नियमित, नियन्त्रित र मापदण्ड आधारित खेल शासन प्रणालीअन्तर्गत ल्याएको छ, जसले प्रतियोगिताको गुणस्तर, निष्पक्षता र विश्वसनीयतामा थप सहयोग पुग्ने आयोजकले अपेक्षा गरेको छ । यसले स्थानीय तहमा खेलकुद प्रतियोगितालाई स्पष्ट मार्गदर्शन प्रदान गर्दै प्रतियोगितालाई अझ अनुशासित, पारदर्शी र व्यवस्थित बनाउने विश्वास आयोजक समितिले व्यक्त गरेको छ ।

# जनकल्याण सहकारीको अध्यक्षमा पुन हिमाल



साझाकुरा संवाददाता

हेटौंडा, २७ मंसिर/ हेटौंडा-६ चौघडामा रहेको जनकल्याण बचत तथा ऋण सहकारी संस्थाको अध्यक्षमा पुन हिमाल पौडेल सर्वसम्मत चयन भएका छन् ।

शनिवार सम्पन्न २९ औ वार्षिक साधारणसभा तथा अधिवेशनले पौडेलको अध्यक्षतामा ९ सदस्यीय नयाँ सञ्चालक समिति चयन गरेको हो । उपाध्यक्षमा श्यामप्रसाद भट्टराई, सचिवमा रेखा मैनाली र कोषाध्यक्षमा देवराज गौतम चयन भएका छन् । सदस्यहरुमा यतीराज दंगाल, लक्ष्मण सापकोटा, केशवप्रसाद चौलागाई, जीवकुमारी पौडेल र टुककुमारी चौलागाई सर्वसम्मत चयन भएका हुन् । लेखा सुपरीवेक्षण समितिको संयोजकमा प्रकाश ढुंगाना र सदस्यहरुमा राजकुमार पौडेल र निर्मला पौडेल चयन भएका छन् ।

साधारणसभामा संस्थाका अध्यक्ष हिमाल पौडेलले संस्थागत प्रतिवेदन उपाध्यक्ष श्यामप्रसाद भट्टराईले ऋण उपसमितिको प्रतिवेदन, सचिव रोमबहादुर न्यौपानेले शिक्षा उपसमितिको प्रतिवेदन, लेखा संयोजक दिपनराज आचार्यले लेखा समितिको प्रतिवेदन र सञ्चालक सदस्य रेखा मैनालीले महिला उपसमितिको प्रतिवेदन पेश गरेका थिए ।

नयाँ सञ्चालक तथा लेखा समितिको निर्वाचन गराउन संस्थाका कानूनी सल्लाहकार मुकुन्दप्रसाद अधिकारी संयोजक बद्रीप्रसाद भण्डारी र रुपेश दुलाल सदस्य रहेको ३ सदस्यीय निर्वाचन समिति गठन गरिएको थियो ।

संस्थाका ज्येष्ठशेयरसदस्य द्वारिकानाथ लामिछानेको प्रमुख आतिथ्यता एवम संस्था अध्यक्ष हिमाल पौडेलको सभाध्यक्षतामा साधारणसभा भएको हो । साधारण सभामा ज्येष्ठसदस्य जनुदेवी अर्याल र द्वारिकानाथ लामिछाने, असली बचतकर्ता निर्मला न्यौपाने र राजन पौडेल असली ऋणी विन्दा बानियाँ, विजयकुमार हुमागाई, उद्यमीतर्फ पुष्पराज अधिकारी, समाजसेवी राजु गुरुङ र सञ्चारकर्मी अनिल पराजुली, जोडी दम्पती, बालबचत कर्ता, लघुवित समूह, एसईई मा उत्कृष्ट अंक हासिल गर्ने विद्यार्थीलाई पुरस्कृत गरिएको थियो ।

साधारणसभामा संस्थापक अध्यक्ष बासुदेव अधिकारी, निवर्तमान अध्यक्ष रघुप्रसाद आचार्य, सल्लाहकार बद्रीबहादुर पाठक, प्रल्हाद शर्मा आचार्य, गणेशकुमार श्रेष्ठ, शेयर सदस्य पूर्णभद्र चौलागाई, उर्मिला आचार्यलगायतको उपस्थिति रहेको थियो । २ हजार ४९८ शेयर सदस्य आवद्ध रहेका छन । संस्थाको आव २०८१/८२ सम्म शेयरपूँजी २ करोड ७१ लाख ३२ हजार निक्षेप २७ करोड ४ लाख र २० करोड ९७ लाख लगानी रहेको संस्थाले जनाएको छ ।

# ग्रामीण बहुउद्देश्यीयको साधारणसभा सम्पन्न




साझाकुरा संवाददाता

हेटौंडा, २७ मंसिर/ हेटौंडा-२ स्थित ग्रामीण बहुउद्देश्यीय सहकारी संस्थाको शनिबार २६ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ ।

संस्थाका अध्यक्ष राजु अधिकारीको सभाध्यक्षता, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलानको प्रमुख आतिथ्यता एवम् राष्ट्रिय सहकारी बैंक लि.का शाखाप्रबन्धक रामेश्वर अर्यालको विशेष आतिथ्यतामा साधारणसभा सम्पन्न भएको हो । कार्यक्रममा अध्यक्ष अधिकारीले प्रतिवेदन प्रस्तुत गर्दै सहकारीले गरेको गतिविधि र आगामी कार्यक्रमबारे जानकारी दिएका थिए । उनकाअनुसार सहकारीले बचतमा २ प्रतिशतदेखि १० प्रतिशतसम्म ब्याज भुक्तानी गरिएको छ भने कर्जामा ८ प्रतिशतदेखि १५ प्रतिशतसम्म कर्जा लगानी गरिएको छ । आर्थिक मन्दीको कारण प्रभावित भएका ऋणीलाई आवश्यकताको आधारमा कर्जाको म्याद थप गरेको उनले बताए ।

अध्यक्ष अधिकारीले सूचना प्रविधिको प्रयोग गरी संस्थाले स:शुल्क आफ्नै मोवाइल बैंकिङ सेवा उपलब्ध गराइएको बताए । त्यसैगरी संस्थाले ११ लाख ३२ हजार खुद नाफा आर्जन गरेको कोषाध्यक्ष रामप्रसाद पुडासैनीले जानकारी दिए । २ हजार २ सय ४७ सदस्यलाई सेवा उपलब्ध गराएको सहकारीको शेयरपुँजी २ करोड २२ लाख रहेको छ । साधारणसभाको अवसरमा सहकारीले ज्येष्ठ शेयर सदस्यतर्फ हेटौंडा-२ का मनमाया पुडासैनी, उत्कृष्ट बचततर्फ हेटौंडा-१२ का यादव घिमिरे र सीतामाया भोलन, उत्कृष्ट कारोबारतर्फ हेटौंडा-१७ का अनिल लामा र हेटौंडा-६ का प्रल्हाद खनाल, सञ्चालक समितितर्फ हेटौंडा-१२ का गीता कोईराला, बालबचततर्फ हेटौंडा-४ का शिवेसप्रसाद कुशवाह, संस्थापक शेयर सदस्यतर्फ हेटौंडा-१२ का चन्द्रबहादुर गोले, दुर्गाप्रसाद घिमिरे, शरणबहादुर घले र रामप्रसाद पुडासैनी र कर्मचारीतर्फ हेटौंडा-२ का तारा कँडेललाई सम्मान गरेको छ ।

त्यसैगरी २०८१ सालको एसईई परीक्षामा ३ दशमलब २ भन्दा बढी जिपिए ल्याउने शेयर सदस्यका सन्ततिहरु प्रयोगराज खड्का, आविस्कार अधिकारी र रुपेश अग्रवाललाई सम्मानित गरिएको छ । स्थानीय सीप एवम् श्रोतसाधानको पहिचान गरी सदस्यको आर्थिक सामाजिक तथा सांस्कृतिक विकास गर्ने उद्देश्यले २०५६ चैत्र २२ गते हेटौंडा-१२ सिंग्नेनीमा सुरुवात गरिएको यस संस्थाले हेटौंडा-२ बुद्धचोकमा केन्द्रीय कार्यालय स्थापना गरी सेवा प्रदान गर्दै आइरहेको छ ।

# रास्वपा भीमफेदी पालिका कमिटीमा बद्रीबहादुरको नेतृत्व



साझाकुरा संवाददाता

हेटौंडा, २७ मंसिर/ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) भीमफेदी पालिका कमिटीको प्रथम अधिवेशन शनिबार भव्यताका साथ सम्पन्न भएको छ । अधिवेशनले सर्वसम्मतिबाट नयाँ कार्यसमिति चयन गर्नुका साथै अन्य दल परित्याग गरी ठूलो संख्यामा नेता तथा कार्यकर्ता पार्टीमा प्रवेश गरेका छन् ।

कार्यक्रमका प्रमुखअतिथि रास्वपाका केन्द्रीय सदस्य विराजभक्त श्रेष्ठले भीमफेदीको अधिवेशनलाई विशेष संज्ञा दिए । श्रेष्ठले भने, 'आजै भक्तपुर गुण्डुमा (एउटा पार्टीको) सूर्यअस्त भएको महाधिवेशन छ र भीमफेदीमा (हाम्रो) रवि उदय भएको महाधिवेशन रहेको छ । रास्वपाका केन्द्रीय सदस्य रमेश प्रसाईं र अन्य अतिथिको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको हो । भीमफेदी पालिका कमिटीका सभापति बद्री पौडेलले सभापतित्व गरेका थिए । अधिवेशनमा सहभागी हुन आएका प्रमुखअतिथि लगायत सबै सहभागीले पञ्चैबाजा र भजनको माहौलमा भीमफेद्री बजार परिक्रमा गरेका थिए ।

कार्यक्रममा प्रदेश कमिटी, जिल्ला कमिटी तथा छिमेकी गाउँकमिटीका प्रतिनिधिको उत्साहजनक सहभागिता रहेको थियो । अधिवेशनका क्रममा नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा (माओवादी केन्द्र) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) लगायत विभिन्न दल परित्याग गरी २१९ जना रास्वपामा प्रवेश गरेका छन् । प्रथम अधिवेशनले भीमफेदी पालिका कमिटीको नयाँ कार्यसमिति सर्वसम्मतरुपमा चयन गरेको छ । सभापतिमा बद्रीबहादुर पौडेल, उपसभापति कृष्णशोभा श्रेष्ठ, सचिव प्रल्हाद पुडासैनी, सहसचिव हिरण्यलाल श्रेष्ठ, कोषाध्यक्ष सर्बेन्द्र बर्तौला, सदस्यहरुमाधब पुडासैनी, गोपाल कार्की, नेत्रकुमारी खड्का, राधा तामाङ, सुनिता घलान, हीरा मिजार रहेका छन् ।

# 'जबजका आयाम' प्रकाशनको लागि छापाखाना पठाइयो

साझाकुरा संवाददाता

हेटौंडा, २७ मंसिर/मदन भण्डारी फाउन्डेसन मकवानपुरले तयार पारेको 'जबजका आयाम' नामक पुस्तक प्रकाशनको लागि छापाखाना पठाइएको छ ।

फाउन्डेसन मकवानपुरको बैठकले पुस्तकको कभर डिजाइन स्वीकृत गरी प्रकाशनका लागि छापाखान पठाउने निर्णय गरेको हो । बैठकले पुस्तकको बिक्री मूल्यसमेत तोकेर छपाईकोलागि छापाखान पठाउने निर्णय गरेको फाउन्डेसन मकवानपुरका अध्यक्ष रघुनाथ खुलालले बताए । फाउन्डेसनले नेपालका प्रख्यात कम्युनिस्ट नेता तथा जनताको बहुदलीय जनवाद (जबज) का सिद्धान्तकार जननेता मदन भण्डारीको विचार, दर्शन र बहसलाई समेट्ने उद्देश्यका साथ पुस्तक प्रकाशन गर्न लागेको हो ।



अध्यक्ष खुलालका अनुसार जनताको बहुदलीय जनवाद (जबज) सम्बन्धी विचार, सिद्धान्त र राजनीतिक यात्रालाई व्यवस्थितरुपमा प्रस्तुत गर्ने उद्देश्यसहित तयार गरिएको ३२४ पृष्ठको पुस्तकको सम्पादन तथा डिजाइनको काम सम्पन्न भएको छ । पुस्तकमा विभिन्न व्यक्तित्वको बिचार, लेख, कविताका साथै जबजको सैद्धान्तिक पृष्ठभूमि, ऐतिहासिक विकासक्रम, नेपाली राजनीतिमा यसको प्रयोग, विद्यमान चुनौती तथा भविष्यका सम्भावनाबारे गहिरो विश्लेषण समेटिएको छ । पुस्तक यसै महिना भित्र प्रकाशन गरी अनावरण गर्ने योजना रहेको उनले बताए ।

त्यस्तै शनिबारको बैठकले सदस्यता नवीकरण तथा बितरणलगायत विषयमा छलफल गरेको उनले बताए । बैठकमा बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलको उपस्थिति रहेको थियो ।

# समानुपातिकतर्फ दलहरुलाई निर्वाचन चिन्ह प्रदान

साझाकुरा संवाददाता




हेटौंडा, २७ मंसिर/ निर्वाचन आयोगले आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधि सभाको निर्वाचनमा समानुपातिक तर्फको निर्वाचनमा भाग लिने दललाई निर्वाचन चिन्ह प्रदान गरेको छ ।

समानुपातिकतर्फको निर्वाचनमा भाग लिनका लागि निवेदन दिएका दलमध्ये अन्तिमरुपमा कायम हुन १०० दललाई विभिन्न ९३ वटा निर्वाचन चिन्ह निर्वाचन आयोगले प्रदान गरेको हो । दलमध्ये ११ वटा दललाई २०७९ को प्रतिनिधिसभा निर्वाचनमा समानुपातिक तर्फ प्राप्त गरेको मतसंख्याको आधारमा क्रमसंख्या र निर्वाचन चिन्ह प्रदान गरिएको हो । पहिलो नम्बरमा नेकपा (एमाले)को सूर्य, दोस्रोमा नेपाली काँग्रेसको रुख, तेस्रोमा नेपाली कम्युनिष्ट पार्टी (नेकपा)को पाँचकुने तारा, चौथोमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को घण्टी र पाँचौंमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को हलो रहेको छ ।

यस्तै छैटौंमा जनता समाजवादी पार्टी नेपाल (जसपा)को ढल्केको छाता, सातौंमा जनमत पार्टीको लाउड स्पिकर, आठौंमा नागरिक उन्मुक्ति पार्टीको पिँध भएको सादा ढकिया, नवौंमा लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा)को साइकल, दशौंमा नेपाल मजदुर किसान पार्टी (नेमकिपा)को मादल र एघारौंमा राष्ट्रिय जनमोर्चाको गिलास रहेको छ ।

## बाल विवाह अन्त्यका लागि सहकार्य गरौं

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुवैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो । बाल विवाह गर्ने, गराउने र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

बालविवाह गराउनेलाई तीन वर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिवाना हुने कानूनी व्यवस्था छ ।

हेटौंडा उपमहानगरपालिका
८ नं. वडा कार्यालय
हेटौंडा, कमाने, मकवानपुर

## एचआईभी/एड्स रोगबाट बचौं र बचाऔं

- असुरक्षित यौन सम्पर्कबाट जोगिऔं,
- यौन सम्पर्क गर्दा कण्डम प्रयोग गरौं,
- विषाणुरहित रगत तथा सुई प्रयोग गरौं,
- लागु औषधको दुर्व्यसन वा कुलतबाट टाढा रहौं,
- समय-समयमा एचआईभी/एड्सलगायतको परीक्षण गरौं,
- एड्स संक्रमित व्यक्तिलाई सम्मान र माया गरौं,
- एड्स असुरक्षित यौन सम्पर्क वा विषाणुयुक्त सुईको कारणले सर्ने रोग हो,
- यौन रोगका कुनै लक्षण देखिए उपचार तथा परामर्शका लागि चिकित्सकसंग सम्पर्क गरौं ।
- सावधानी अपनाऔं, स्वस्थ रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना